# उद्योग वाणिज्य सन्देश

अर्धवार्षिक

CHAMBER OF COMMERCE & INDUSTRY – CHITWAN (NEWSLETTER)

वर्ष १. अकं १, माघ २०८० – असार २०८१ Jan / Jul 2024


## उद्योग वाणिज्य संघ-चितवनको ५७ औं वार्षिक साधारण सभा तथा अधिवेशन सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनको ५७ औं वार्षिक साधारण सभा २०८० पौष २१ गते शनिवार दियालो फुडल्याण्ड नारायणगढको सभाहलमा सम्पन्न भएको थियो। कार्यक्रममा नेपाल सरकारका अर्थ मन्त्री माननीय डा. प्रकाश शरण महत प्रमुख अतिथि रहनुभएको थियो। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न साधारण सभामाको समुद्घाटन सत्रमा बोल्दै प्रमुख अतिथि नेपाल सरकारका अर्थ मन्त्री माननीय डा. प्रकाश शरण महतले कोभिडको असरले देशको अर्थतन्त्र सङ्कटमा परे पनि हाल लयमा फर्केको बताउनुभएको थियो। उहाँले देशको मौद्रिक नीतिमा सुधार भएको र ब्यजदर पनि घटिरहेको बताउँदै देशको अर्थतन्त्र लयमा फर्किँदै गर्दा विप्रेषण सबै भन्दा माथि रहेको उहाँले दाबी गर्नुभएको थियो। उद्योगी व्यवसायीहरूले मूल्य वृद्धिको हल्ला बजारमा फैलाए पनि वास्तविकतामा मूल्य वृद्धि विगतको तुलनामा घटेको दाबी गर्नुभएको थियो। पहिला लिएको ऋण अधिकांश सेयर बजार र जग्गामा लगानी गर्दा देशको अर्थतन्त्रमा समस्या परेको उहाँले बताउनुभएको थियो। बाँकी २ नं. पेजमा...

## उद्योग वाणिज्य संघ-चितवनको पद हस्तान्त्रण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ चितवनको २०८० पौष २१ र २३ गते सम्पन्न ५७ औं वार्षिक साधारण सभा तथा अधिवेशनबाट निर्वाचित हुनुभएका पदाधिकारी एवम् कार्यसमितिलाई पदहस्तान्तरण एवम् सपथ ग्रहण कार्यक्रम पौष २५ गते संघको सभाहलमा सम्पन्न भएको थियो। पद हस्तान्त्रण एवम् शपथ ग्रहण कार्यक्रममा नव निर्वाचित कार्यसमितिले शपथ लिनुभएको थियो। कार्यक्रममा प्रमुख निर्वाचन अधिकृत राजकुमार श्रेष्ठले सम्पूर्ण निर्वाचित कार्यसमितिलाई शपथ ग्रहण गरानुभएको थियो। शपथ ग्रहणपछि संघका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले नवनिर्वाचित अध्यक्ष सुमनकुमार श्रेष्ठलाई आफूले लगाएको ब्याच लगाइदिएर कुर्चीमा राख्नुभएको थियो। कार्यक्रमा नवनिर्वाचित अध्यक्ष सुमनकुमार श्रेष्ठले अग्रजहरूको सल्लाह लिएर सामूहिक रुपमा कार्यसमितिलाई अगाडि बढाउने बताउनुभएको थियो। कार्यक्रममा नवनिर्वाचित अध्यक्ष श्रेष्ठले उद्योग वणिज्य संघ-चितवनको लक्ष्य र उद्देश्यअनुसार सबै एकजुट भएर अगाडि बढ्ने प्रबिद्धता व्यक्त गर्नुभएको थियो । चितवनको आर्थिक र सामाजिक रूपान्त्रणका लागि पुँजीबजारमा देखिएका समस्याहरू समाधान गर्न महत्त्वपुर्ण भूमिका खेल्ने कसरा उहाँले बताउनुभएको थियो। सोही कार्यक्रमा संघका पूर्व अध्यक्ष देशीराम प्रधानले नवनिर्वाचित अध्यक्ष लगायत सिङ्गो कार्यसमिति टिमलाई बधाई ज्ञापन गर्दै कार्यकाल सफताको शुभकामना दिनुभएको थियो। उहाँले व्यवसायीहरू समयलाई ख्याल गर्दै निकै मितव्ययी बनेर राजनीतिक दलहरूको अगाडि पनि उदाहरणीय बनेर अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघका पूर्व अध्यक्षहरू, विभिन्न वस्तुगत संघका अध्यक्षज्यूहरू लगायत व्यवसायीहरूको उपस्थिति रहेको थियो।




(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:015 CERTIFIED CHAMBER

quality austria central asia Succeed with Quality

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोनः ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

Url: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

## उद्योग वाणिज्य संघ-चितवन

**लक्ष्य (Mission)**

'उद्योगी तथा व्यवसायीहरुको हक हितको संरक्षण तथा सम्बर्द्धन गर्दै स्थानीय आर्थिक तथा सामाजिक विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रको विकासमा योगदान पु¥याउने ।'

**परिकल्पना (Vision)**

'आफ्नो कार्यक्षेत्र भित्र संचालित उद्योग तथा अन्य व्यवसायलाई गुणस्तरीय र प्रतिस्पर्धी बनाउदै बढि आर्थिक क्रियाकलापको सम्भावना भएको कृषि तथा पर्यटन क्षेत्रको विकासलाई निरन्तरता दिदै स्वास्थ्य सेवा र शिक्षा क्षेत्रलाई विकसित गरी प्रवर्द्धन गर्न आवश्यकतामा आधारित सेवा प्रदान गर्ने नेतृत्वदायी संस्थाका रुपमा संघलाई विकसित गर्ने ।'

**गुणस्तर नीति (Quality Policy)**

उद्योग वाणिज्य संघ-चितवन, चितवन जिल्ला भित्रका उद्योग व्यापार क्षेत्रको छाता सङ्गठन भई दक्ष जनशक्तिको माध्यमद्वारा राज्यको नीति नियमसङ्गत सेवाग्राही सन्तुष्टीको माध्यमबाट गुणस्तरीय उद्देश्यहरुलाई निरन्तर परिष्कृत गर्दै एक प्रभावकारी संस्थाको रुपमा विकसित हुन प्रतिबद्ध छ ।

**प्रकाशन समिति**

**संयोजक :**

बिष्णु लम्साल - कार्यसमिति सदस्य

**सदस्यहरु :**

हिम्मत पुरी, पदम पौडेल, वाशुदेव दवाडी,अमर कुंवर, नारायण काफ्ले, बाबुराम रामुदामु

**सल्लाहकारहरु :**

राजेन्द्र ओली, विशानलाल श्रेष्ठ

**सम्पादक :**

गणेश सुबेदी - कार्यक्रम अधिकृत

**ले-आउट / डिजाइन**

बिनायक लम्साल

बाँकी...

कार्यक्रममा बोल्दै विशिष्ट अतिथि नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले उद्योगी व्यवसायीले संयमता नअपनाउँदा व्यापार घाटाले निरन्तरता पाएको बताउँदै उहाँले देशमा अवसर छैन भनी नकरात्मक सूचना प्रवाह गर्दा त्यसको घाटा आफैँलाई पर्ने बताउनुभएको थियो । देशमा अवसर छैन भनिरहँदा साना व्यवसायीलाई कत्तिको असर पर्छ भन्ने कुरा हामी बुझ्नु पर्ने बताउनुभएको थियो ।

उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष चुननारायण श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्दै देशको अर्थतन्त्र खस्किनुमा ठुला मुलुक र छिमेकी मुलुकहरूको प्रभवसँगै सरकारको पनि कमजोरी रहेका आरोप लगाउनुभएको थियो । हामीले चालु आर्थिक वर्षको बजेट र मौद्रिक नीतिसम्बन्धी उद्योग वाणिज्य संघ-चितवनमार्फत सरकारलाई सुझाव पेस गर्दा पनि सुनुवाइ नभएको बताउँदै उहाँले अर्थनन्त्रलाई चलायमान बनाउने उद्योगी व्यवसायीकै गुनासो नसुन्ने भएपछि राज्यले अर्थतन्त्र सुधारमा खासै चासो दिएको नपाइएको बताउनुभएको थियो ।

उहाँले यस्तो अवस्थामा राज्यले पुँजीगत खर्चमा वृद्धि गर्दै लगानीमैत्री वातावरण सिर्जना गर्नुपर्ने बताउँदै होइन भने आर्थिक जटिलता झन थपिँदै जाने निश्चित भएको दाबी गर्नुभएको थियो । कृषि र पर्यटनजस्ता सम्भावना बोकेको क्षेत्रको पहिचान गराउन नसक्दा मुलुकभित्रै रोजगारीको अवस्था सिर्जना गर्न नसकेको उहाँको भनाइ थियो । चितवन जिल्लाभित्रै सम्भाव्यता अध्ययन गर्ने हो भने सम्भावना प्रशस्तै भेटिन्छन् उहाँले भन्नुभयो । त्यसैले राज्यले ध्यान दिएर चितवनलाई कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनको केन्द्रसँगै आर्थिक गतिवधि र औद्योगिक विकासको हबका रूपमा विकास गर्न आवश्यक रहेको बताउँदै शक्तिखोर औद्योगिक क्षेत्र घोषणामा मात्रै सीमित भएको भन्दै त्यसलाई जतिसक्दो चाँडो प्रक्रिया अगाडि बढाउन पनि उहाँले आग्रह गर्नुभयो । ठोरी-केरुङ सडक निर्माण सुरु गरी चितवनको विकासलाई चिन र भारतजस्ता छिमेकी मुलुकसँगको व्यावसायिक सम्बन्ध कायम गराउन पनि राज्यको ध्यानाकर्षण गराउनुभएको थियो । भरतपुरमै अलपत्र अवस्थामा रहेको गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशाला निर्माणलाई तदारुकताका साथ समयमै सम्पन्न गराए त्यस्ता क्षेत्रले देशको आर्थिक विकासमा टेवा पुग्ने बताउँदैं भरतपुर क्षेत्रलाई प्रदूषणमुक्त र ट्राफिक व्यवस्थापनलाई चुस्त राख्दै आर्थिक गतिविधि वृद्धि गराउन रात्रिकालीन बजार एवम् सवारी सञ्चालनसम्बनधी सम्भाव्यता अध्ययन गरिनु आवश्यक रहेको उहाँले बताउनुभएको थियो । कार्यक्रममा बोल्दै चितवन उद्योग संघका अध्यक्ष सूर्यप्रसाद न्यौपानेले सरकारले तदारुकता नदेखाउँदा उद्यमशीलता तल खस्किँदै गएको बताउँदै जसले गर्दा उद्योगी व्यवसायीको मनोबल नै कमजोर भइसकेको बताउनुभएको थियो । उद्योग वाणिज्य संघ चितवनका वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले बिग्रेको अर्थतन्त्रलाई माथि उकास्नको लागि सरकारले ठोस कदम चाल्नु आवश्यक रहेको बताउनुभएको थियो । सोही कार्यक्रमा उद्योग वाणिज्य संघ चितवनले प्रत्येक २/२ वर्षमा उत्कृष्ट आर्थिक पत्रकारिता पुरस्कार, हिरालाल सन्तुदेवी उत्कृष्ट युवा उद्यमी पुरस्कार र उत्कृष्ट कर्मचारी पुरस्कार वितरण गर्दै आइरहेकोमा यस वर्ष उत्कृष्ट आर्थिक पत्रकारिता पुरस्कारबाट आर्थिक अभियान राष्ट्रिय दैनिकका संवाददाता एवम् सञ्चारकर्मि सूर्यप्रसाद अधिकारीलाई नगद रु.५१,०००।- पुरस्कर सहित सम्मानित हुनुभएको थियो भने छनोट समितिको संयोजक संघका प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदी रहनुभएको थियो । हिरालाल सन्तुदेवी उत्कृष्ट युवा उद्यमी पुरस्कारबाट चितवन जिल्लामा व्यवसाय गदै आउनुभएका डेलिस डेरी भरतपुर-७, चितवनका संस्थापक एवम् प्रमुख कार्यकारी अधिकृत सन्दीप पौडेल नगद रु १,००,०००।- पुरस्कार सहित सम्मानित हुनुभएको थियो भने छनोट समितिको संयोजक संघका पूर्वअध्यक्ष सहनलाल प्रधान रहनुभएको थियो । उत्कृष्ट कर्मचारी पुरस्कार संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले नगद रु २५,०००।- सहित पुरस्कृत हुनुभएको थियो भने छनोट समितिको संयोजक संघका द्वितीय उपाध्यक्ष राजेन्द्र ओली रहनुभएको थियो । उवासंघ चितवको वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले साधारण सभामा उपस्थित प्रमुख अतिथि,विशिष्ट अतिथि, अतिथि, पत्रकार एवम् सभासदज्यूहरूलाई धन्यवादसहित उद्घाटन समारोह समापन भएको घोषणा गर्नुभयो । उक्त कार्यक्रम संघका कार्यकारी निर्देशक निल बहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## वन्द सत्र

उद्योग वाणिज्य संघ-चितवनको ५७ औं वार्षिक साधारण सभाको दोस्रो सत्र दियालो फुडल्यान्ड नारायणगढको सभाहलमा सम्पन्न भएको थियो । संघका अध्यक्ष चुननारायण श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त साधारण सभामा संघका कार्यकारी निर्देशक निलबहादुर केसीले प्रस्तुत गर्नुभएको वार्षिक प्रगति प्रतिवेदन, वरिष्ठ उपाध्यक्ष सुमनकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको प्रस्ताव तथा प्रथम उपाध्यक्ष चिरञ्जीवी सुवेदीले प्रस्तुत गर्नुभएको आ.व. २०७९/०८० को आय व्यय विवरण एवम् आ.व. २०८०/०८१ को प्रस्तावित बजेट पारित गरीएको थियो । कार्यक्रममा ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनका मूल संयोजक विज्ञानलाल श्रेष्ठले धन्यवाद ज्ञापनसहित कार्यक्रम समापन भएको घोषणा गर्नुभएको थियो ।

## संघको पदाधिकारीको कार्यविभाजन एवम् पहिलो बैठक सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको नवनिर्वाचित पदाधिकारीको कार्य विभाजन भएको छ । संघको हालै सम्पन्न ५७ औं वार्षिक साधारणसभा एवम् अधिवेशनबाट निर्वाचित पदाधिकारीहरूको पौष २७ गते पद ग्रहण एवम् कार्यविभाजन भएको थियो । संघको सचिवालयमा बसेको कार्यसमितिको पहिलो बैठकले कार्य विभाजन गरेको थियो । जस अनुसार संघका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ वैदेशिक लगानी प्रवर्द्धन एवम् एनजिओ आइएनजियो समन्वय समिति, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी कर तथा राजश्व परामर्श हेर्ने समितिको संयोजकमा मनोनयन गरीएको थियो । यसै गरी संघमा हालै निर्वाचित उपाध्यक्षहरूमा प्रथम उपाध्यक्षमा राजेन्द्र ओली, द्वितीय उपाध्यक्षमा अशोक अधिकारी र तृतीय उपाध्यक्षमा नारायण प्रधानलाई कार्यसमितिको पहिलो बैठकले पद विभाजन गरेको थियो । प्रथम उपाध्यक्षले लेखा तथा आर्थिक प्रशासन, द्वितीय उपाध्यक्षले सचिवालय र तृतीय उपाध्यक्षले वस्तुगत संघ, क्षेत्रीय संघ एवम् कर्पोरेट विभाग सम्हाल्ने संघको विधानअनुरुप भएकोथियो । । संघको पहिलो बैठकलाई सम्बोधन गर्दै संघका नवनिर्वाचित अध्यक्ष सुमनकुमार श्रेष्ठले चुनावी माहोलमा जो जसरी निर्वाचित भए तापनि संघमा सबैको आवाज एउटै हुनुपर्ने र नितान्त व्यवसायिक समस्या सम्बोधनमा लाग्नु पर्ने बताउनुभएको थियो । पहिलो बैठकलाई सम्बोधन गर्दै अध्यक्ष श्रेष्ठले संघको गुणस्तर नीति, र उद्देश्यअनुरुप कार्य आयोजना गर्ने बताउँदै र्यकाललाई सफलताका साथ सम्पन्न गर्नका लागि कार्यसमितिबाट रचनात्मक सहयोगको अपेक्षा गरेको बताउनुभएको थियो । कार्यक्रममा संघका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले सहमति र सहकार्य सफताको कडी भएको बताउँदै वर्तमान कार्यसमिति सोहीअनुरुप रहने बताउनुभएको थियो । कार्यक्रममा उपस्थित सदस्यहरूले कार्यकाललाई सफलताका साथ सम्पन्न गराउनमा आफूहरू प्रतिबद्ध रहेको बताउनुभएको थियो । पहिलो कार्यसमिति बैठकले संघमा आवद्ध सदस्यलाई दैविक प्रकोप, प्राकृतिक प्रकोप लगायतका विपत्तिबाट हुने क्षतिमा राहत दिने उद्देश्यले सदस्य राहत कोष कार्यविधि संशोधन गरी पारित गरेको थियो। उक्त कार्यविधिबमोजिम सदस्य व्यवसायीको दुर्घटनाबाट मृत्यु भएमा १ लाख सम्म उपलब्ध गराउने र व्यवसायमा क्षति भएको अवस्थामा समेत मूल्याङ्कन गरी १ लाख सम्म उपलब्ध गराउने व्यवस्था गरीएको छ । सोही बैठकबाट आन्तरिक राजश्व कार्यालयमा व्यवसायिक सेवा केन्द्र सञ्चालन गरी व्यवसायीलाई सेवा दिने समेत निर्णय भएको थियो । उक्त बैठकमा संघमा स्थापना गर्न लागिएको व्यवसाय विकास सेवा केन्द्र र निर्यात प्रबर्द्धनका लागि रुफ अफ द वर्ल्ड बिच सम्झौता गरी कार्यअगाडि बढाउने निर्णय बमोजिम सोही दिन रुफ अफ द वर्ल्ड बिच सम्झौता पत्रमा हस्ताक्षर गरीएको थियो । संघले लगत्तै बृहत कार्ययोजना तर्जुमा गोष्ठिको आयोजना गरी आगामी २ वर्षको लागि कार्यक्रम तय गरी कार्यान्वयन गरीने संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले बैठकमा जानकारी गराउनुभएको थियो ।

## सचिवालयको स्वागत कार्यक्रम



उद्योग वाणिज्य संघ-चितवनको ५७औँ वार्षिक साधारण सभा तथा अधिवेशनबाट नव निर्वाचित अध्यक्ष, पदाधिकारी एवम् कार्यसमितिलाई संघको सचिवालयले स्वागत गरेको थियो । संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी स्वागत गरीएको थियो । संघका कार्यकारी निर्देशक निलबहादुर केसीले स्वागत गर्दै सचिवालय र कार्यसमिति बिचको सम्बन्ध विगतका दिनहरूमा भन्दा अझ बढी परिष्कृत र सुमधुर रहने बताउनुभएको थियो । स्वागतग्रहण गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले सचिवालय व्यवस्थापन र सुदृढीकरणमा आफू लागिरहने बताउनुभएको थियो । संघका कार्यकारी निर्देशकको नेतृत्वमा सचिवालयका सम्पूर्ण कर्मचारीले समितिलाई स्वागत गरेका थिए ।

# चितवनका व्यवसायीका समस्या समाधानको लागि नेउवामहासंघ मार्फत नेपाल सरकारको ध्यानाकर्षण

उद्योग वाणिज्य संघ चितवनले मिति २०८० माघ ७ गते चितवनका व्यवसायीको समस्या समाधानका लागि नेपाल उद्योग वाणिज्य महासंघमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो । उद्यमी व्यवसायीहरूको वर्तमान समस्या र कर तथा राजश्वसँग सम्बन्धित समस्या समाधानार्थ नेपाल उद्योग वाणिज्य महासंघमार्फत संघले सरकारको ध्यानाकर्षण गराइएको थियो ।

संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठलाई ज्ञापनपत्र बुझाउँदै समस्या समाधानार्थ पहल गर्नका लागि अनुरोध गर्नुभएको थियो ।

देशको कुल ग्राहस्थ उत्पादनमा ८१ प्रतिशतभन्दा बढी योगदान दिने निजी क्षेत्रलाई राज्यले लागु गर्ने नीति नियमहरू निजी क्षेत्रमैत्री नरहेको र राजश्व नीति अस्पष्ट र झन्झटिलो हुँदा व्यवसायी झन् हतोत्साहित भएको ज्ञापनपत्रमा जनाइएको थियो ।

ज्ञापनपत्रमा एउटा व्यवसायीको गल्तीका कारण अन्य सयौं व्यवसायीहरू पनि कारबाहीको भागीदार हुनुपर्ने वातावरण सिर्जना भएको , स्रोतमा (विक्रेता) समस्या हुँदा क्रेता पनि स्रोतका कारण छानबिनमा पर्ने दण्ड जरिवाना गर्ने कार्य गैह्रव्यवसायिक भएको ठहर गरीनुका साथै वस्तु तथा सेवा आदान-प्रदान नै नगरी झुट्टा तथा नक्कली कर विजक जारी गरी कारोबार गर्ने व्यवसायीलाई कारबाही हुनुपर्ने विषयमा संघको कुनै आपत्ति नरहेको तर प्रक्रियागत रुपमा कारोबार गर्ने व्यवसायीहरू, फुल अडिट भएका व्यवसायिक फर्महरूलाई समेत अनुसन्धानको नाममा वर्षौं पुराना खातापाता र हरहिसाब माग गर्ने कार्यले व्यवसायी हतोत्साहित भएकोले उक्त समस्या यथाशक्य छिटो समाधान गन संघले नेपाल उद्योग वाणिज्य महासंघमार्फत् पहल गरेको थियो ।

देशमा व्याप्त बेरोजगारी र आर्थिक मन्दीका कारण ठसलो सङ्ख्यामा श्रम पलायन भएको अवस्थामा व्यवसायी माथि गरिएको यस किसिमको अव्यवहारिक र अवैज्ञानिक प्रक्रियालाई तुरुन्त बन्द हुने व्यवस्थाको लागि सम्बन्धित निकायमा पहल गर्नको लागि संघले जोडदार माग गरेको थियो ।

चितवनका केही उद्यमी व्यवसायीहरूलाई अनुसन्धानको नाममा वर्षौं पुराना खातापाता र बैंक कारोबार माग गरिएको संघमा जानकारी आएकोले सो समस्या समाधानार्थ संघका अध्यक्ष सुमनकुमार श्रेष्ठ र निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ नेपाल उद्योग वाणिज्य महासंघ मार्फत नेपाल सरकारको ध्यानार्कषण गराउन काठमाडौं जानुभएको थियो ।

सोहीअवसरमा संघका अध्यक्ष श्रेष्ठले कृषि उद्यम केन्द्रमार्फत् चितवनमा एक गाउँ एक उत्पादन कार्यक्रम सञ्चालन गर्न अनुरोध गर्नुभएको थियो । संघका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले बैंक ब्याजसँग सम्बन्धित समस्या सम्बोधन गर्नका लागि पहल गर्न अनुरोध गर्नुभएको थियो । ज्ञापनपत्र बुझ्दै नेउवामहासंघका वरिष्ठ उपाध्यक्ष अन्जन श्रेष्ठले तत्कालनै यसको समाधानार्थ सम्बन्धित निकायमा पहल गरिने बताउनुभएको थियो । उहाँले उद्योग वाणिज्य संघ चितवनले व्यवसायीको जल्दोबल्दो समस्यालाई उजागर गरेकोमा आभार समेत व्यक्त गर्नुभएको थियो ।



# संघको पूर्व कार्ययोजना गोष्ठी सम्पन्न

उद्योग वाणिज्य संघ चितवनले २०८० माघ २२ गते पूर्वकार्य योजना गोष्ठी भरतपुर महानगरपालिका-४ यज्ञपुरी स्थित ग्यालेसी गार्डेन रिसोर्टमा सम्पन्न गरेको थियो । संघले प्रत्येक २ वर्षको अन्तरालमा हुने नेतृत्व परिवर्तन पश्चात २ वर्षे कार्यकालको लागि योजना तर्जुमा गर्ने सम्बन्धमा वस्तुगत संघहरूसँग पूर्व कार्ययोजना तर्जुमा गोष्ठीको आयोजना गरेको थियो । संघले संघमा आबद्ध रहेका ३६ वस्तुगत संघहरूको सहभागितामा योजना तर्जुमा गोष्ठीका साथै कर शिक्षा कार्यक्रमको आयोजना गरेको थियो । गोष्ठीलाई सम्बोधन गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले वस्तुगत संघबाट प्राप्त सुझावहरूलाई मध्यनजर राख्दै संघले आगामी २ वर्षको लागि तयार गर्ने योजनामा राखिने बताउनुभएको थियो । उहाँले वस्तुगत संघहरूले आफ्ना सदस्यहरूको माग र आवश्यकतालाई मध्यनजर राख्दै कार्यक्रम चयन गर्न अनुरोध गर्दै कार्यक्रमहरू संघको गुणस्तर नीतिसँग मेल खाने हुनुपर्ने बताउँदै प्राप्त सुझावहरूलाई लिपिबद्ध गरी योजनामा राखिने बताउनुभएको थियो ।



सोही कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले योजना छनौट गर्दा कार्यान्वयनमा लैजान सकिने कार्यक्रमहरूलाई छनौट गर्नुपर्ने बताउनुभएको थियो ।

संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले वस्तुगत संघले कार्यक्रम छनौट गर्दा आफूले गर्न नसक्ने तर उद्योग वाणिज्य संघमार्फत गर्न मिल्ने कार्यक्रम मात्र छनौट गर्न अनुरोध गर्नुहुँदै कार्यक्रमको सफलताको कामना गर्नुभएको थियो ।

गोष्ठीमा आफ्नो मन्तव्य राख्दै संघका उपाध्यक्ष एवम वस्तुगत संघ समन्वय समितिका संयोजक नारायण प्रधानले यस वर्षको संघको कार्ययोजनामा प्राथमिकताको आधारमा सबै वस्तुगत संघका कार्यक्रमलाई समेटिने बताउनुभएको थियो । संघमा आबद्ध ३६ वटा वस्तुगत सघबाट सहभागी रहेको उक्त कार्यक्रममा संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा संघका पदाधिकारी, वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि लगायतको सहभागिता रहेको थियो ।

## करसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा आफ्नो सभाहलामा २०८० माघ ११ गते करसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उद्योगी व्यवसायीहरूलाई कर तथा राजश्वसम्बन्धी सचेत बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले व्यावसायीले कर तिर्नु दायित्व भएको तर कर तथा राजश्व व्यावसायिक हितका लागि समेत खर्च गर्नुपर्ने  धारणा राख्नुभयो । उहाँले सरकारले लिएका करसम्बन्धी नयाँ नीति लगायत व्यवसायीहरूलाई परेका करसम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो ।

कार्यक्रमका मध्यस्तकर्ता एवम् कर परामर्शदाता गोपाल घिमिरेले करका दर तथा कर नीतिका बारेमा जानकारी गराउँदै यवसायीहरूका जिज्ञासा सम्बोधन गर्नुभएको थियो । कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै उद्योग वाणिज्य संघ-चितवनका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले विक्रेताले कुनै हिसाब किताब नराखी सामान बिक्री गरी खरिदकर्ताले कुनै गल्ती नगर्दासमेत खरिदकर्तालाई करमा जरिवाना तिराउने कार्य जायज नभएको र यो समस्या समधानका लागि पहल गर्न उद्योग वाणिज्य संघ-चितवन सधैं लाग्ने प्रतिवद्धता जनाउनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, उपाध्यक्ष त्रय राजेन्द्र ओली, अशोक अधिकारी, नारायण प्रधान, संघका कार्यसमिति सदस्यज्यूहरू विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू लगायतउद्योगी व्यवसायीहरूको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न  कार्यक्रम संघका संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## करसम्बन्धी कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा २०८० माघ २२ गते भरतपुर महानगरपालिका-४ यज्ञपुरी स्थित ग्यालेसी गार्डेन रिसोर्टमा कर शिक्षा सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । ३६ वटा वस्तुगत संघका प्रतिनिधको उपस्थितिमा उक्त कार्यक्रम आयोजना गरी   एको थियो । अभिमुखिकरण कार्यक्रमलाई सम्बोधन गदै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले व्यवसायीले सरकारले लिएका कर सम्बन्धी नयाँ नीति, छुटको व्यवस्था लगायतका बिषयमा व्यवसायीलाई जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरीएको बताउनुभएको थियो । उहाँले आन्तरिक राजश्व कार्यालयमा आफ्ना उद्योगी व्यवसायीहरुका कर सम्बन्धी समस्या समधान गर्न हेल्प डेक्स राख्न लागिएको समेत जानकारी गराउनुभएको थियो ।

सोही कार्यक्रममा बोल्दै आन्तरिक राजश्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत निरन भट्टराईले उद्योगी व्यवसायीहरुको कर सम्बन्धी समस्या समधान गर्न हेल्प डेक्स सञ्चालन गर्न लागेकोमा खुसी व्यक्त गर्दै उहाँले कर सम्बन्धी कुनै

जटिलता सिर्जना भएमा सहजीकरणको लागि आफु सहयोगका लागि सदैव तत्पर रहेको बताउनुभएको थियो ।
सोही कार्य्रक्रममा संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले कर शिक्षा सम्बन्धि कार्यक्रमहरु आन्तरिक राजश्व कार्यालयको समन्वयमा आगामी दिनहरुमा पनी निरन्तर गरी  ने बताउनुभएको थियो ।
कार्यक्रममा आन्तरिक राजश्व कार्यालय भरतपुरका तर्फवाट कर अधिकृत खडानन्द पाण्डे र भरतपुर महानगरपालिकाको तर्फबाट कर अधिकृत रमेश जोशीले प्रशिक्षकको भूमिका निर्वाह गर्नुभएको थियो । संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन सहित सम्पन्न भएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

## चितवनको नारायणी नदी किनारमा २ दिने राष्ट्रिय चिया प्रदर्शनी तथा टि टेस्टिङ्ग कार्यक्रम सम्पन्न

‘स्वदेशमा उत्पादित चिया पिउने गरौँ, स्वस्थ, समृद्ध र आत्मनिर्भर बनौँ’ भन्ने नाराका साथ राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आयोजना एवम् उद्योग वाणिज्य संघ-चितवनको सहआयोजना तथा भरतपुर महानगरपालिकाको प्रबर्द्धनमा नारायणी नदी किनारमा २०८० माघ २६ र २७ गते  राष्ट्रिय चिया प्रदर्शनी तथा ‘टि टेस्टिङ’ कार्यक्रम गरिएको थियो । राष्ट्रिय चिया प्रदर्शनी तथा टि टेस्टिङ्ग  प्रदर्शनीले नेपालमा उत्पादित चिया देशभित्रै खपत बढाउन सहयोग पुग्नुका साथै चियाको प्रबर्द्धन गर्ने लक्ष्यका साथ कार्यक्रम आयोजना गरिएको थियो ।
कार्यक्रमको समुद्घाटन गर्दै पूर्व कृषि तथा पशुपंछी विकास मन्त्री डा. वेदुराम भुषालले विगतमा देशको समृद्धिका लागि कृषिमा जुन प्रकारको विकास गरिनुपर्थ्यो हुन नसके पनि अहिलेको सरकारले कृषि क्षेत्रलाई प्राथमिकता दिएकाले केही हदसम्म विकास भएको बताउनुभएको थियो । उहाँले बजारमा माग भएका खेतीमा ध्यान दिन आग्रह गर्दै चिया पनि सोही खेतीअन्तर्गत पर्ने बताउनुभएको  थियो ।
कार्यक्रममा बोल्दै सहआयोजक संस्था उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले चितवनमै पहिलो पटक टि टेस्टिङ्ग तथा चिया प्रर्दशनी गर्ने कार्यक्रम आयोजना गरी उद्योग वाणिज्य संघ-चितवनलाई सहआयोजकको रुपमा राखेको आयोजक नेपाल सरकार चिया तथा कफी विकास बोर्डलाई धन्यवाद दिँदै उहाँले चितवन जिल्ला देशकै मध्यभागमा अवस्थित कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र औद्योगिक विकासका हिसाबले महत्वपूर्ण जिल्ला भएको बताउनुभएको थियो । उहाँले अहिले नेपालको आर्थिक अवस्था सन्तोषजनक नरहेकोले कृषि उद्यमी लगायतअन्य उद्यमी व्यवसायीहरू पलायन भैरहेका बताउँदै उहाँले सरकारले यस विषयमा अध्ययन गरेर ठोस कदम चाल्नुपर्ने धारण व्यक्त गर्नुभएको थियो ।
चिया तथा कफि विकास बोर्डका कार्यकारी निर्देशक डा विष्णुप्रसाद भट्टराईले चितवनमा पहिलोपटक आयोजना गरिएको यस प्रदर्शनीले चिया सेवनको विधि, चिया



संस्कृतिको विकास र नेपाली चियाको आन्तरिक बजार प्रवर्द्धन, नेपालमा उत्पादित चिया देशभित्रै खपत बढाउनका साथै यसका फाइदाबारे जानकारी दिने उद्देश्यले प्रदर्शनी आयोजना गरिएको बताउनु भएको थियो ।
नेपालको चिया उत्पादन तथा बजारीकरणमा लामो समयदेखि कार्य गर्दै आएका निजी क्षेत्रमा आबद्ध चिया व्यवसायीबाट उत्पादित चियाका ब्रान्डलाई प्रदर्शनी गरिएको थियो । चिया प्रदर्शनीमा चिया उत्पादन हुने मुख्य जिल्ला झापा, इलाम, धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा, पाँचथर, सिन्धुपाल्चोक, ललितपुर, कास्कीदेखि पश्चिमसम्म उत्पादित चिया उत्पादकहरू प्रर्दशनी गर्न आएका थिए । दुई दिनसम्म चलेको चिया प्रर्दशनी तथा टि टेस्टिङ्ग कार्यक्रममा ३२ वटा स्टल तथा करिव २० हजार अवलोकन कर्ताले अवलोकन गरेका थिए ।

## नेपाल सरकारका कृषि तथा पशुपंछी विकास मन्त्रीसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा संघले आफ्नो सभाहलमा २०८० माघ २६ गते एक कार्यक्रमको आयोजना गरी नेपाल सरकारका कृषि तथा पशुपंछी विकास मन्त्री माननीय डा. बेदुराम भुषालसँग अन्तक्रिया कार्यक्रम सम्पन्न गरेको थियो ।

सोही कार्यक्रममा संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले कृषिसँग सम्बन्धित व्यवसायीहरूका समस्याहरू ज्ञापनपत्रमार्फत मन्त्री माननीय बेदुराम भुषाललाई हस्तान्त्रण गर्नुभएको थियो । ज्ञापनपत्रमा तपसिल बमोजिमका मागहरू समावेश गरिएका थिए ।

- सिँचाइ सुविधाको तीव्र र सघन विस्तार, भू-उपभोग नीतिको प्रभावकारी कार्यान्वयन, उन्नत बिउबिजन, रासायनिक मल तथा आधुनिक प्रविधिको अवलम्बन, उच्च मूल्य तथा  अर्गानिक कृषि उत्पादन र प्रशोधनमा जोड दिँदै कृषिको आधुनिकीकरण, व्यवसायिकीकरण गर्ने गरी    योजनबद्ध रुपमा आयोजना तय गरी कार्यक्रमहरू सञ्चालनमा ल्याउनुपर्ने ।

- कृषि कार्यमा आधारित कृषि अनुसन्धान कृषि प्रसार र कृषि शिक्षाको सुविधा एकै थलोबाट उपलब्ध गराई समग्र कृषि विकासमा महत्त्वपूर्ण भूमिका खेल्नको लागि माग गर्दछौं ।
- सबै स्थानीय तहमा कम्तीमा पनि एक कृषि उपज सङ्कलन केन्द्र, ग्रेडिङ र प्याकेजिङ केन्द्र सञ्चालनमा ल्याई बजारीकरणमा सहयोग पुऱ्याउनुपर्ने ।
- कृषि क्षेत्र अर्थतन्त्रको मुख्य आधार रहेको हुँदा यसलाई आधुनिकीकरण गर्नुपर्ने आजको आवश्यकता रहेकोले समयमै स्तरीय मल, बीउ बिजन उपलब्ध हुने व्यवस्था हुनुपर्ने ।
- जडिबुटी लगायत वनमा आधारित हरित उद्योग तथा व्यवसायको प्रवर्द्धन गनुपर्ने ।
- अवैध रुपमा विदेशबाट अस्वस्थ्य माछा आयात हुने कार्यलाई अविलम्ब रोकी नेपाली माछाको प्रवर्द्धन गर्नुपर्ने ।
- नेपालको कुखुरा पालन क्षेत्रको समग्र विकासका लागि राष्ट्रिय पोल्ट्री नीति घोषणा भए तापनि सोअनुसार कार्यक्रम अगाडि बढाउन नसकेको अवस्थामा तत्कालै पोल्ट्री विकास बोर्ड गठन गरी आवश्यक कार्य गर्नुपर्ने ।
- उपभोक्ताहरूलाई स्वस्थकर मासु विक्री वितरण गर्न गराउन निश्चित मापदण्ड र निश्चित क्षेत्र तोकी वैज्ञानिक पशुपक्षी वधशाला निर्माण गर्ने कार्यका लागि आवश्यक पहल गर्नुपर्ने ।
- वैदेशिक रोजगारबाट फर्किएका दक्ष तथा अर्धदक्ष कामदारलाई कृषि कर्मतर्फ आकर्षित गरी बिउपुँजी उपलब्ध गराउनुपर्ने ।
- चितवन जिल्लाको पहाडी भेगमा कृषिक्षेत्रको विविधीकरण गर्दै पहाडमा उत्पादन हुने नगदे फलफूल जस्तै अलैंची, एभोकाडो, ओखर, किवी, चिया, ड्रागन फ्रुट र कागती जस्ता बहुमूल्य फलफूलको उत्पादनको सम्भाव्यता अध्ययन गरी कार्यक्रम सञ्चालन गरिनुपर्ने ।
- चितवनमा मह उत्पादनको अवस्था परिणात्मक रुपमा राम्रो रहेको तर बजारीकरण समस्याका कारण मह स्टकमा रहिरहेकोले यसको बजारीकरण र बिक्री वितरणमा सहजीकरण गर्नुपर्ने ।
- फलफूल तथा तरकारीको प्रयाप्त उत्पादन भएको समयमा पनि बजार व्यवस्थापनको समस्या रहेकोले यसलाई सम्बोधन गर्नुपर्ने ।
- दुग्ध उत्पादक किसानहरूको दुध बिक्री नहुने र बिक्री भएको अवस्थामा दुधको मूल्य दुध सङ्कलन केन्द्रबाट नपाउने र उपयुक्त नेटवर्कको समेत समस्या भएकोले यसलाई सम्बोधन गरिनुपर्ने ।
- कृषकहरूले समयमानै बिउबिजन नपाउने समस्या, रासायनिक मल नपाउने समस्या (युरिया र डिएपी जेनतेन प्राप्त भए तापनि डिएपी पाउन मुस्किल पर्ने गरेको) रहेकोले सहज रुपमा उपलब्ध गराउनुपर्ने र देशमै मल कारखान सञ्चालनका लागि आवश्यक कार्य अगाडि बढाईनुपर्ने ।
- कृषि क्षेत्रमा समय समयमा नयाँ समस्या र रोग थपिँदै जाने हुनाले योग्य र दक्ष प्राविधिक जनशक्ति आवश्यक भैरहने हुनाले जिल्ला स्थित कृषि ज्ञान केन्द्र, कृषि सेवा केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यालय जस्ता सरोकारवाला निकायमा दक्ष जनशक्ति थप गर्नुपर्ने । चितवनको सवालमा अत्यावश्क देखिएकोले कर्मचारी यथाशक्य छिटो थप गरिनुपर्ने ।
- चितवन जिल्लामा तरकारी जोन, मौरी जोन, केरा जोन र धान जोन स्थापना भई सञ्चालन भइसकेको छ । आगामी दिनमा उत्पादन र उत्पादकत्व वृद्धि हुने खालको उत्पादन लिई अन्य जोन स्थापना गर्दै जानुपर्ने ।
- केराको सफल परीक्षण गरी केरा जोन स्थापना गराउन सफल एक गाउँ एक उत्पादक कार्यक्रमलाई चितवनमा नयाँ उत्पादनसहित निरन्तरता दिनुपर्ने । साथै केराको उत्पादनको विविधीकरणका कार्यक्रमहरू ल्याइनुपर्ने ।
- चितवनमा पुष्पखेती, च्याउखेती र अन्डा उत्पादनमा समेत अग्रणी हुन लागेकोले कृषकलाई प्रोत्साहन गर्दै बजार व्यवस्थापनमा सहयोग गर्नुपर्ने ।
- सिमा र सिमा क्षेत्र वरपर प्रयाप्त र गुणस्तरिय क्वारेन्टाइनको व्यवस्था नहुनाले नेपाली उपभोक्ता गुणस्तरिय उपभोग्य वस्तुबाट बञ्चित भएका छन् भने अव्यवस्थित रुपमा आयात गर्दा राष्ट्रिय उत्पादन निरुत्साहित हुन पुगेकोले उपयुक्त स्थानहरूमा क्वारेन्टाइन सेवा सञ्चालन गरिनुपर्ने ।
- केही तरकारी तथा फलफूलजन्य उत्पादनहरूमा मुअकर लगाउने व्यवस्था गरिएकोले उक्त व्यवस्था हटाइनुपर्ने ।
- निर्यात प्रबर्द्धनको लागि विदेशी राष्ट्रहरू सँग आर्थिक कुटनितिक सम्बन्ध स्थापित गर्नुपर्ने ।
- पशुपक्षीमा देखिने विभिन्न रोगहरूको उपचारका लागि आवश्यक औषधि वेचबिखनका लागि औषधि व्यवस्था विभागमा दर्ता नभएको /दर्ता नगरिएको तर सोही औषधिको प्रयोगले पशुपक्षीमा लागेको रोग निको हुने देखिएकोले त्यस किसिमका औषधि बिक्रीविरणका लागि सम्बन्धित निकायमा दर्ता हुने व्यवस्था गर्नुपर्ने ।

अन्तरक्रिया कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष एवम् कृषि उद्यमी राजन गौतमले खाद्य वस्तुहरू खेर गइरहेको प्रति दुःख व्यक्त गर्दै उहाँले खाद्यन्न भण्डारको लागि सरकाले गोदामहरूको निर्माण गर्न सुझाव दिनुभएको थियो ।

सोही कार्यक्रममा नेपाल पशुपछी औषधी व्यवसायी संघ चितवनका अध्यक्ष लक्ष्मीलाल घिमिरेले पशुपंछीका औषधीमा भएका समस्याका बारेमा जानकारी गराउनुभएको थियो ।

सोही कार्यक्रममा कुखुरा व्यवसायी मञ्चका वरिष्ठ उपाध्यक्ष डा. रेवन्त भट्टराईले कुखुरा व्यवसायीहरूको समस्याका बारेमा माननीय मन्त्री समक्ष जानकारी गराउनुभएको थियो । नेपाल मौरीपालक व्यवसायी महासंघका अध्यक्ष सुभासचन्द्र घिमिरेले मह उत्पादक किसानका समस्याका बारेमा माननीय मन्त्रीज्यूको ध्यानार्कषण गराउनुभएको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार कृषि तथा पशुपछी विकास मन्त्री माननीय डा. बेदुराम भुषालले अहिलेको वर्तमान सरकार देश विकासको बाटोमा हिड्न खोजिरहेको तर विकास विरोधीहरूको पनि उत्ति नै भएकाले काम गर्न गाह्रो भएको बताउनुभएको थियो । उहाँले कृषिको प्रमुख समस्या सिचाँइ भएको बताउँदै किसानहरूलाई सिचाइ सुविधा उपलब्ध गराई खाद्यन्न आयातलाई प्रतिस्थापन गरी निर्यात गर्ने मुलुकमा विकास गर्न सरकार लागेको बताउनुभएको थियो । उहाँले अब व्यवसायको आधारमा नभई उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने नीति निर्माणमा सरकार लागेको पनि जानकारी गराउनुभएको थियो । मन्त्री भुषालले कृषि उद्यमी व्यवसायीहरूबाट आएका समस्या समधानका लागि आश्वासन दिनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति, संघमा आवद्ध वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि विभिन्न कृषि क्षेत्रका क्षेत्रका व्यवसायीहरुको उपस्थिति रहेको कार्यक्रम उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## संघको कार्यसमिति विस्तार




चितवनका उद्योगी व्यवसायीहरुको छाता संगठनको रुपमा स्थापित उद्योग वाणिज्य संघ चितवनको कार्यसमिति विस्तार भएको छ । गत पौष २१ र २३ गते सम्मपन्न संघको ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशन बाट कार्याकाल (२०८०-२०८२) को लागि निर्वाचित कार्यसमितिको मिति २०८० माघ २७ गते सम्पन्न दोस्रो कार्यसमिति बैठकले कार्यसमिति विस्तार गरेको थियो ।
संघका नवनिर्वाचित अध्यक्ष सुमनकुमार श्रेष्ठले संघको विधान अनुरुप ३ जना कार्यसमिति सदस्य मनोनित गर्नुभएको थियो । अध्यक्ष श्रेष्ठले कार्यसमिति सदस्यमा मुकुन्द गौतम, सन्तोष देवकोटा र शिलु अग्रवाललाई मनोनयन गर्नु भएको थियो । यसैगरी अध्यक्ष श्रेष्ठले आगामी कार्यकालको लागि विशाल श्रेष्ठलाई कृषि विशिष्ट सदस्य, सुर्य नारायण पौडेललाई पर्यटन विशिष्ट सदस्य, डा. मनोहर प्रधानलाई स्वास्थ्य विशिष्ट सदस्य र बिमलकुमार श्रेत्रीलाई शिक्षा विशिष्ट सदस्यमा मनोनित गर्नु भएको थियो । अध्यक्ष श्रेष्ठले संघको कानुनी सल्लाहकारमा गोविन्द सिग्देल र राजश्व सल्लाहकारमा विमान कार्की मनोनित गरी कार्यसमितिलाई पुर्णता दिनुभएको थियो । यसैगरी माघ २७ गतेनै संघको सचिवालयमा मनोनित कार्यसमिति सदस्य, विशिष्ट सदस्य र कानुनी सल्लाहकारलाई बधाई तथा शुभकामना सहित मनोनयनपत्र हस्तान्तरण गरी   एको थियो । उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमन कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, वरिष्ठउपाध्यक्ष चिरन्जीवि सुवेदी, प्रथम उपाध्यक्ष राजेन्द्र ओली, तृतीय उपाध्यक्ष नारायण प्रधान, संघका कार्यकारी निर्देशक निलबहादुर केसी, कार्यक्रम अधिकृत गणेश सुवेदीलगायतको सहभागिता रहेको थियो ।कार्यक्रममा संघका अध्यक्ष श्रेष्ठले मनोनित हुनुभएकाहरुमा शुभकामना व्यक्त गर्दै आगामी दिनमा संघ र उद्योगी व्यवसायीहरुको हितको लागि क्रियाशिल भएर लाग्न आग्रह गर्नु भएको थियो भने मनोनित सदस्य एवं सल्लाहकारहरुले आफ्नो क्षेत्रवाट संघको उदेश्य प्राप्तीको लागि सक्दो प्रयास गर्ने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

## संघको ६४ औं स्थापना दिवस

## करदाता सहायकता कक्षको उद्घाटन देखी  विभिन्न व्यावसायिक फर्ममा छुटको व्यवस्था






उद्योग वाणिज्य संघ-चितवनले २०८० फाल्गुन २ गते विविध कार्यक्रमको आयोजना गरी ६४ औं स्थापना दिवस मनाएको थियो। संघको सचिवालयमा औपचारिक कार्यक्रमसहित निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रमदेखी करदाता सहायताकक्षको उद्घाटन, दीपप्रज्वलन लगायत विभिन्न व्यवसायिक प्रतिष्ठानहरूसँग छुटको सम्झौता गरी स्थापना दिवस मनाएको थियो।

स्थापना दिवसको अवसरमा आयोजित सभालाई सम्बोधन गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले २०१६ सालमा स्थापित उद्योग वाणिज्य संघ चितवनलाई आजको अवस्थामा ल्याइपुऱ्याउनको लागि अग्रजहरूले खेल्नुभएको भूमिकाको प्रशंसा गर्दै संघ अग्रजहरूको मार्गनिर्देशन र सरसल्लाह बमोजिम अगाडि बढ्ने बताउनुभएको थियो। कार्यक्रममा अध्यक्ष श्रेष्ठले यस क्षेत्रको कृषि, शिक्षा, स्वास्थ्य र पर्यटनको विकासका साथै संघमा आवद्ध सदस्यहरूको आवश्यकतालाई ध्यानमा राखेर कार्य गर्ने बताउनुभएको थियो। शुभकामना मन्तव्य व्यक्त गर्दै अध्यक्ष श्रेष्ठले स्थापना दिवसको अवसरमा संघमा आबद्ध सम्पूर्ण सदस्यहरूको व्यावसायिक सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि संघका पूर्व अध्यक्ष एवम् सम्पत्ति संरक्षण कोषका अध्यक्ष के.एल. भूषणले विगतका दिनहरूलाई स्मरण गर्दै नेपाल उद्योग वाणिज्य महासंघको स्थापना हुनुभन्दा पहिला नै परिकल्पना गरिएको यस संघले लामो यात्रा पार गर्न सफल भएको बताउनुभएको थियो। उहाँले व्यवसायीको हक, हितको संरक्षण, संवर्द्धन र प्रवर्द्धन गर्दै व्यावसायिक ऐक्यबद्धता जाहेर गर्ने उद्देश्यले स्थापित उद्योग वाणिज्य संघ चितवन आज यस क्षेत्रको सामाजिक, आर्थिक एवम् सांस्कृतिक विकासको संवाहकको रूपमा स्थापित भएको बताउँदै अग्रजलगायत पूर्व कार्यसमिति र वर्तमान कार्यसमितिलाई हार्दिक आभार व्यक्त गर्नुभएको थियो। उहाँले हाले सम्पन्न ५७ औं वार्षिक साधारण सभा एवम् अधिवेशनवाट नवनिर्वाचित अध्यक्ष एवम् कार्यसमितिलाई बदाईसहित सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो।

सोही कार्यक्रममा बोल्दै संघका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधानले उद्योग वाणिज्य संघ-चितवनको इतिहासको बारेमा जानकारी गराउँदै संघले व्यवसायीहरूको हक, हितका साथै चितवन जिल्लालाई विकास गर्ने क्रममा भौतिक पूर्वधार निर्माण गर्ने कार्यमा समेत अग्रणी भूमिका खेलेको बाताउनुभएको थियो।

सोही कार्यक्रममा होटल व्यवसायी संघ चितवनका अध्यक्ष लोकनाथ भट्टले संघको स्थापना दिवसमा बोल्ने अवसर दिएकोमा संघलाई धन्यवाद दिँदै उहाँले व्यवसायीहरूको हक हितको लागि लागेकामा संघप्रति हार्दिक आभार व्यक्त गर्दै आन्तरिक राजश्व कार्यालयमा कर सहायता कक्ष सञ्चालन गरी व्यवसायीहरूलाई सेवा दिन सुरु गरेकोमा खुसी व्यक्त गर्नुभएको थियो।

स्थापना दिवसको कार्यक्रममा संघले ६४ वटा दिप प्रज्वलन गरेको थियो। स्थापना दिवसको अवसरमा आयोजित निशुल्क स्वास्थ्य परीक्षण कार्यक्रममा ७१ जना व्यवसायीहरूले आफ्नो स्वास्थ्य परीक्षण गरेका थिए। सोही कार्यक्रमको अवसरमा उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यहरूलाई छुट सेवा दिने उद्देश्यले भरतपुर गार्डेन रिसोर्ट प्रा. लि., अशोका रिसोर्ट प्रा. लि., ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा. लि., रोज गार्डेन रिसोर्ट प्रा.लि., निको चिल्डेन हस्पिटल र चितवन मुटु हस्पिटलसँग सम्झौता पत्रमा हस्ताक्षर भएको थियो।

भरतपुर गार्डेन रिसोर्ट प्रा. लि.का तर्फबाट अध्यक्ष उत्तमलाल चुकेले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो। अशोका रिसोर्ट प्रा. लि.को तर्फवबाट अध्यक्ष सञ्जय अधिकारी, ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा. लि.का तर्फबाट म्यानेजिङ्ग डाईरेक्टर नविल कंडेल, रोज गार्डेन रिसोर्ट प्रा.लि. का म्यानेजिङ्ग डाईरेक्टर सूर्यनारायण पौडेल, निको चिल्डेन हस्पिटलका तर्फबाट म्यानेजिङ्ग डाईरेक्टर धनबहादुर श्रेष्ठ र चितवन मुटु हस्पिटलका तर्फबाट अध्यक्ष डा. शंकर लौडारीले हस्ताक्षर गर्नुभएको थियो भने उद्योग वाणिज्य संघको तर्फबाट अध्यक्ष सुमनकुमार श्रेष्ठले सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो। हस्पिटालिटी सेवामा १५ देखि २० प्रतिशत र स्वास्थ्य सेवामा निको चिल्डेन हस्पिटलमा १५ प्रतिशत र चितवन मुटु हस्पिटलमा २० प्रतिशत संघका सदस्यलाई छुट दिनेसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको थियो।

कार्यक्रममा संघका पूर्वअध्यक्ष देशीराम प्रधान, प्रचण्डलाल प्रधान, रमेशकुमार पिया, उत्तमलाल चुके, राजन गौतम, सहनलाल प्रधान, राजु श्रेष्ठ लगायत संघका पदाधिकारी, कार्यसमिति सदस्य, वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधि, संघका साधारण सदस्य लगायतको उपस्थिति रहेको थियो। संघमा आयोजित स्वास्थ्य परिक्षण कार्यक्रमको लागि नेसनल सिटी हस्पिटल भरतपुरले सहयोग गरेको सचिवालयले जनाएको थियो। उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन गर्नुभएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो।



## करदाता सहायता कक्षको उद्‌घाटन



संघको परिसरमा आयोजित ६४ औं स्थापना दिवसको समारोह पश्चात संघले आन्तरिक राजश्व कार्यालय चितवनमा करदाता सहायता कक्षको उद्‌घाटन गरेको थियो । करदाता सहायता कक्षको संघका पूर्वअध्यक्ष राजन गौतम र आन्तरिक राजश्व कार्यालयका प्रमुख कर अधिकृत निरन भट्टराईले रिबन काटेर संयुक्त रूपमा उद्‌घाटन गर्नुभएको थियो । संघमा आबद्ध सदस्य लगायत उद्यमी व्यवसायीलाई कर दाखिला गर्ने लगायत अन्य करसँग सम्बन्धित विषयमा सहयोग गर्नका लागि आन्तरिक राजश्व परिसरमा सहायता कक्ष स्थापना गरिएको संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले बताउनुभएको थियो । करदाता सहायता कक्षबाट कर तथा राजश्व सम्बन्धी परामर्श दिने, व्यक्तिगत पान लिने , डे वान डे टु विवरण भर्ने लगायत साना व्यवसायीहरूलाई केन्द्रित गरी सेवा प्रदान गर्ने संघले जनाएको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनका सदस्यले चितवनका विभिन्न हस्पिटल तथा हस्पिटालीटी सेवामा छुट पाउने

उद्योग वाणिज्य संघ-चितवनका सदस्य उद्योगी व्यवसायीलाई चितवन देखि पोखरासम्ममा व्यावसायिक प्रतिष्ठानहरूले छुट दिने भएका छन् ।

उद्योग वाणिज्य संघ-चितवनका सदस्यलाई होटल रोयल सेन्चुरी प्रा. लि. भरतपुर-१०, चितवन र गन्तव्य रिसोर्ट, पोखरा-१९ लेकसाइड कास्कीले छुट दिने भएका छन् । २०८० फाल्गुन ६ गते एक कार्यक्रमका बिच छुट दिनेसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको थियो । उद्योग वाणिज्य संघ-चितवनको संस्थागत उत्तरदायित्वअन्तर्गत रहेर संघमा आवद्ध सदस्य व्यवसायीलाई उक्त छुट दिने व्यवस्था गरिएको संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले बताउनुभएको थियो ।

कार्यक्रमममा होटल रोयल सेन्चुरीका म्यानेजिङ्ग डाईरेक्टर सुभास प्रधानले उद्योग वाणिज्य संघ-चितवनमा आबद्ध सदस्यलाई सेवा सुविधा दिन पाउँदा खुसी लागेको बताउँदै आगामी दिनहरूमा पनि यस किसिमका छुट उपलब्ध गराउँदै लैजाने बताउनुभएको थियो ।

सहुलियत सुविधा प्राप्त गर्नको लागि उद्योग वाणिज्य संघ-चितवनमा आबद्ध सदस्यहरूले संघबाट उपलब्ध गराएको सदस्यता परिचयपत्र देखाउनु पर्नेछ र संघको सदस्यता नवीकरण भएको हुनुपर्ने उद्योग वाणिज्य संघ-चितवनले जनाएको छ ।

सदस्यहरूले रोयल सेन्चुरी होटलको आवासमा ३५ प्रतिशत र फुड एन्ड व्यवरेजमा १५ प्रतिशत छुट पाउने र गन्तव्य रिसोर्ट पोखरामा आवासमा २५ प्रतिशत र फुड एन्ड व्यवरेजमा १५ प्रतिशत छुट सुविधा पाउने भएका छन ।

## उद्योग वाणिज्य संघ-चितवनको कार्ययोजना गोष्ठी सम्पन्न





चितवनका उद्योगी व्यवसायीहरूको छाता संस्था उद्योग वाणिज्य संघ चितवनको आगामी दुई वर्षे कार्यकालको लागि कार्ययोजना गोष्ठी २०८० फाल्गुन ७ र ८ गते पटिहानी स्थित रिभर बैंक जङ्गल रिसोर्टमा सम्पन्न भएको थियो। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमन कुमार श्रेष्ठको अध्यक्षतामा भएको उक्त गोष्ठीले संघले २०८०-२०८२ कार्यकालमा गर्ने कार्यक्रमहरू सदस्यतामुखी कार्यक्रमहरूलगायत चितवन जिल्लाका आर्थिक तथा सामाजिक विकाससम्वन्धी योजना एवम् मिनी एक्जिवेसन सेन्टर निर्माण तथा हाइजिन फुड कोर्ट निर्माण गर्ने योजना तय गरेको थियो । कार्यक्रमको उद्घाटन सत्रमा स्वागत मन्तव्य व्यक्त गर्दै अध्यक्ष श्रेष्ठले कार्यक्रमबारे प्रकाश पार्नु भएको थियो। कार्ययोजना निर्माण गरेर काम गर्दा सफलता प्राप्त गर्न सकिने बताउँदै श्रेष्ठले योजना तर्जुमा गोष्ठीको आयोजना गरिएको जानकारी गराउनुभएको थियो।

कार्यक्रममा संघका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधानले संघको स्थापनाकालीन अवस्था र विगतमा संघले गरेका क्रियाकलापहरूका बारेमा जानकारी गराउनुभएको थियो। यसैगरी पूर्व अध्यक्ष रमेशकुमार पियाले संघ स्थापना हुनुको उद्देश्य र उद्योगी व्यवसायीको वर्तमान अवस्थाको बारेमा आफ्नो धारणा राख्नुभएको थियो। पूर्व अध्यक्ष मित्रराज दवाडीले आगामी दिनमा संघले गर्नुपर्ने कामका बारेमा जानकारी गराउनुभएको थियो । पूर्व अध्यक्ष डा. तिलचन्द्र भट्टराईले सबै राजनैतिक दलहरूले देशको अवको एजेन्डा आर्थिक विकासको बनाउनुपर्ने बताउँदै आएकोमा संघले आफ्नो कार्ययोजना पनि आर्थिक विकाससँग सम्बन्धित कुरा पार्न सुझाव दिनुभएको थियो। पूर्व अध्यक्ष राजन गौतमले आगामी दिनमा संघलाई के गर्दा राम्रो हुन्छ र वर्तमान कार्यसमितिलाई उहाँले संघबाट निस्कदै गर्दा आफूले संघका लागि गरेको कामले गर्व महसुस गर्ने कार्य गर्न सुझाव दिनुभएको थियो।

दुई दिनसम्म सञ्चालित गोष्ठीमा पूर्वाञ्चल विश्वविद्यालयका सहप्राध्यापक एवम् डिन डा. सन्देश दास श्रेष्ठ प्रमुख प्रशिक्षक रहनुभएको थियो भने संघका कार्यकारी निर्देशक निलबहादुर केसी र कार्यक्रम अधिकृत गणेश सुवेदीले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा संघका पूर्व अध्यक्ष उत्तमलाल चुके, सहनलाल प्रधान, राजु श्रेष्ठ, निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ लगायतपदाधिकारी तथा कार्यसमिति सदस्यहरूको सहभागिता रहेको थियो।

## आधारभुत व्यूटिसियन तालिम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवन र भरतपुर महानगरपालिका वडा नं १ को कार्यालयको सयुक्त आयोजनामा उद्योग वाणिज्य संघ चितवनको तालिम कक्षमा २०८० माग ७ गते देखि सञ्चालन गरिएको आधारभुत ब्युटिसियन तालिम २०८० फाल्गुन १४ सम्पन्न भएको थियो। भरतपुर महानगरपालिका वडा नं १ का न्यून आर्थिक अवस्था भएका उद्यमी बन्न चाहाने महिलाहरूलाई लक्षित गरी आधारभूत व्युटिसियन तालिम आयोजना गरिएको थियो।

समापन कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमानकुमार श्रेष्ठले सिकेको सिपलाई अधिकत्तम प्रयोग गरी आफैंमा आत्मनिर्भर भई अर्थोपार्जनमा लगाउँदै थप नयाँ कुरा सिक्न आग्रह गर्नुभएको थियो। तालिमको समापन कार्यक्रममा बोल्दै भरतपुर महानगरपालिका वडा नं १ का अध्यक्ष केशव महर्जनले सिक्ने इच्छाशक्ति भए केही पनि असम्भव नभएको बताउँदै उहाँले तालिमबाट सिकेको सिपलाई प्रयोगमा ल्याउन सुझाव दिनुभएको थियो । कार्यक्रममा बोल्दैउद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले महिला उद्यमशीलता विकासका लागि निरन्तर कार्यक्रम आयोजना गरीदै आएको बताउँदै संघले व्यवसायी बनाउने उद्देश्यले तालिम प्रदान गराउँदै आएको बताउनुभएको थियो। कार्यक्रममा प्रमुख प्रशिक्षक योगिता पियाले प्रशिक्षार्थीहरूलाई नजानेको कुरा जहिले पनि सोध्न सक्ने बताउनुभएको थियो। ३० जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको ३७ दिन (१४५ घण्टा) सम्म सञ्चालित तालिममा चितवन ब्युटिपार्लर युनिटीका संस्थापक अध्यक्ष योगिता पिया मूख्य प्रशिक्षक रहनुभएको थियो भने प्रशिक्षक रुपमा लक्ष्मी ज्ञवाली रहनुभएको थियो।

तालिमको समापन कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका तृतीय उपाध्यक्ष नारायण प्रधान कार्यकारी निर्देशक निलबहादुर के.सी, कार्यसमिति सदस्य दीपा शाही, विष्णु लम्साल, सन्तोष देवकोटा, भरतपुर महानगरपालिका वडा नं १ वडा सचिव शिवजी अधिकारी लगायत प्रशिक्षार्थीहरूको उपस्थिति रहेको थियो। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको तालिमको समापन कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो।



## भरतपुर भ्रमण वर्षको विषयमा छलफल

चितवनका उद्योगी व्यवसायीहरूको छाता संस्था उद्योग वाणिज्य संघ चितवनले २०८० फाल्गुन १५ एक कार्यक्रमको आयोजना गरी भरतपुर भ्रमण वर्ष २०२४ को अवसरमा छलफल कार्यक्रम सम्पन्न गरेको थियो । भरतपुर महानगरपालिकाको नेतृत्वमा हुन लागेको भरतपुर भ्रमण वर्ष २०२४ लाई कसरी व्यवस्थित, सफल र उपलब्धिमूलक बनाउन सकिन्छ भन्ने हेतुले आवश्यक छलफल गर्ने उदेश्यले कार्यक्रम गरिएको थियो । कार्यक्रममा सहभागिहरूलाई स्वागत गर्दै उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमन कुमार श्रेष्ठले उद्योग वाणिज्य संघले चितनवको आर्थिक तथा पर्यटन विकासमा गर्दै आएका कार्यक्रमसहित संघको बारेमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा बोल्दै भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले मुलुकको आर्थिक समृद्धि र पर्यटन प्रवर्द्धनमा निजी क्षेत्रको महत्त्वपुर्ण योगदान रहेको बताउनुभएको थियो । पछिल्लो आर्थिक मन्दीले उद्योगी व्यवसायी समस्यामा परेको विषयमा आफू जानकार रहेको बताउँदै उहाँले निजी क्षेत्रको प्रवर्द्धनमा भरतपुर महानगरपालिका लागि परेको बताउनुभएको थियो । निजी क्षेत्रविना मुलकको आर्थिक समृद्धिको परिकल्पना गर्न नसकिने बताउँदै उहाँले भरतपुर भ्रमण वर्ष २०२४ सफल पार्न सबैले आफ्नो ठाउँबाट सहयोग गर्न अपिल गर्नुभएको थियो ।

भरतपुर महानगरपालिकाका उपप्रमुख चित्रसेन अधिकारीले भतरपुर महानगरपालिकाले आयोजना गरेको भरतपुर भ्रमण वर्ष २०२४ ले सिँगो चितवनकै आर्थिक तथा पर्यटन विकासमा सहयोग पुऱ्याउने बताउनुभएको थियो । उद्योग वाणिज्य संघ चितवनका कार्यकारी निर्देशक निल बहादुर केसीले संचालन गर्नु भएको कार्यक्रममा सहभागिहरूले भरतपुर भ्रमण वर्षको विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो । सो अवसरमा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी तथा कार्यसमिति, पूर्व अध्यक्षहरू, विभिन्न टोल सुधार समितिका अध्यक्ष तथा प्रतिनिधिहरू, विभिन्न संघ संस्थाका अध्यक्ष एवम् प्रतिनिधिहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।




## समसामयिक व्यावसायिक विषयमा पूर्व उपप्रधानमन्त्री माननीय प्रकाशमान सिंह श्रेष्ठज्यूसँग छलफल

उद्योग वाणिज्य संघ-चितवन आयोजना एवम् चितवन उद्योग संघ र चितवन चेम्बर अफ कमर्सको सहकार्यमा संघको सभाहलमा २०८० फाल्गुन १९ गते समसामयिक व्यावसायिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा विभिन्न क्षेत्रका व्यवसायीहरूले आफ्ना समस्या समाधानार्थ पूर्व उपप्रधानमन्त्री माननीय प्रकाशमान सिंह श्रेष्ठ सामु प्रस्तुत गर्नुभएको थियो । कार्यक्रमा स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले सरकारले आर्थिक नीति व्यवसायी मैत्री बनाउँदै देशलाई अब आर्थिक क्रान्तिको बाटोमा हिँडाउनु पर्ने बताउँदै उहाँले भरतपुर भ्रमण वर्ष २०२४ मा धेरैभन्दा धेरै आर्थिक क्रियाकलाबहरू हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि पूर्व उपप्रधानमन्त्री माननीय प्रकाशमान सिंह श्रेष्ठले राजनीति ठिक नभएसम्म कुनै नीति ठिक नहुने बताउँदैं उद्योगी व्यवसायीहरूको समस्या समधानका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा श्रेष्ठले देशको विकासमा उद्यमी व्यवसायीको भूमिका महत्त्वपूर्ण रहने हुनाले अबको निकास भनेको आर्थिक समृद्धि रहेको बताउनुभएको थियो ।कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष राजन गौतमले देशको आर्थिक अवस्था निकै कमजोर बन्दै गएको बताउँदैं उद्योगी व्यवसायीहरूलाई यहाँबाट पलायन हुने अवस्था सृजना हुन नदिन अपिल गर्नुभएको थियो ।

कार्यक्रममा चितवन उद्योग संघका अध्यक्ष सूर्यप्रसाद न्यौपानेले उद्योगी व्यवसायीहरूको समस्या अध्ययन नगरी कर्मचारीको भरमा नीति नियम निर्माण गर्दा समस्या भएको बताउनुभएको थियो । कार्यक्रममा चितवन चेम्बर अफ कमर्सका अध्यक्ष गोपाल भट्टराईले उद्योगी व्यवसायीहरूले देशलाई राजश्व तिर्ने रकमभन्दा दुई गुना बढी रकम कर्मचारीलाई दिएर काम गर्नुपर्ने अवस्था सृजना भएको बताउँदै यस्ता समस्या समधान गर्न सरकार लाग्नु पर्ने बताउनुभएको थियो । कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै उद्योग वाणिज्य संघ चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले यस अन्तरक्रिया कार्यक्रमले उद्योगी व्यवसायीहरूको पीडालाई सम्बोधन हुनेछ भन्ने विश्वास लिएको बताउनुभएको थियो ।

कार्यक्रममा नेपाली काङ्ग्रेस चितवनका सभापति, भरतपुर महानगर वडा नं १ र २ का वडा अध्यक्ष, उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्षज्यूहरू, पदाधिकारी, कार्यसमिति, चितवन उद्योग संघका पूर्व अध्यक्ष, पदाधिकारी, कार्यसमिति, चितवन चेम्बर अफ कमर्सका पूर्व अध्यक्षज्यूहरू, पदाधिकारी, कार्यसमिति, उद्योग वाणिज्य संघ-चितवनमा आबद्ध वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी लगायत उद्योगी व्यवसायी गरी १०० जनाको उपस्थिति रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।



## पार्किङ्ग व्यवस्थपन विषयमा कोरियन नो हाउ कम्पनीसँग छलफल

भरतपुर महानगरपालिका वडा नं १० स्थित होटल सिराइचुलीमा २०८० फाल्गुन २३ गते भरतपुर महानगर क्षेत्रमा पार्किङ्ग व्यवस्थापन सम्बन्धमा कोरियन नो हाउ कम्पनीका उपाध्यक्ष सि ओ जोन्स, शाही होल्डिङ्ग नेपालका सन्तोष शाही लगायत कोरियन प्राविधिक र नेपाली प्राविधिक  सहितको टोलीसँग उद्योग वाणिज्य संघ-चितवनले छलफल गरेको थियो। छलफलमा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले भरतपुरमा पार्किङ्गको ठुलो समस्या रहेको बताउँदै उहाँले कोरिया सरकारसँग प्रविधि हस्तान्त्रण तथा नवीनतम प्रविधि व्यवस्थापनमा सहयोग गर्न अपिल गर्नुभएको थियो। छलफलमा कोरियन प्राविधिकहरूले सानो ठाँउमा पनि पार्किङ्ग व्यवस्थापन गर्न सकिने बताएका थिए। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, उपाध्यक्ष द्वय राजेन्द्र ओली, नारायण प्रधान, कार्यसमिति सदस्य नरेश खनाल, कार्यकारी निर्देशक निलबहादुर के.सी लगायत कोरियन प्राविधिक र नेपाली प्राविधिक सहितको टोलीको उपस्थिति रहेको थियो।



## निजी क्षेत्रका रोजगारदातालाई रोजगारदाता डाटाबेससम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न




निजी क्षेत्रका रोजगारदातालाई रोजगारदाता डाटाबेससम्बन्धी अभिमुखीकरण दिन उद्योग वाणिज्य संघ-चितवनको सभाकक्षमा २०८० फाल्गुन २९ गते एक दिने कार्यक्रम सम्पन्न भएको थियो। वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा कार्यक्रम सम्पन्न भएको थियो।

उद्योगी व्यवसायीलाई सिपयुक्त कर्मचारी छनोट गर्न सहज बनाउने उद्देश्यले निजी क्षेत्रका रोजगारदातालाई रोजगारदाता डाटाबेससम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको थियो।

कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले उद्योगी व्यवसायीहरूले दक्ष कर्मचारी पाउन गाह्रो भएको अवस्थामा यस प्लेटफर्ममार्फत सक्षम व्यक्ति सहज तरिकाबाट पाउने अपेक्षा राख्नुभएको थियो। उहाँले उद्योग वाणिज्य संघ-चितवनसँग सहकार्य गरेर उद्योगी व्यवसायीहरूलाई रोजगारदाता डाटाबेससम्बन्धी सिकाउने कार्य गरेकामा वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो।

कार्यक्रममा बोल्दै वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख गोपालप्रसाद कंडेलले उद्योगी व्यवसायी र कामदार बिचको दुरी घटाउन यो डाटावेश निर्माण गरेको बताउँदै उहाँले आगामी दिनमा पनि सामाजिक विकास मन्त्रालय र उद्योग वाणिज्य संघ-चितवन लगायत चिनवनका उद्योगी व्यवसायीहरूसँग सधै सहकार्य गरेर अगाडि बढ्ने बताउनुभएको थियो।कार्यक्रममा एनभिक्युएस परियोजनाका प्राविधिक अधिकृत सुरेन्द्रकुमार रायले डाटाबेसका फाइदा, डाटाबेसमा सूचीकरण हुने तरिका र डाटबेसको बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन गर्दै उपस्थित सबैलाई डाटाबेसमा सूचीकरण  हुन अनुरोध गर्नुभएको थियो। कार्यक्रमा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष नारायण प्रधान, कार्यसमिति लगायतविभिन्न व्यावसायिक प्रतिष्ठानका प्रतिनिधिहरूको उपस्थिति रहको थियो। वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका महाशाखा प्रमुख गोपालप्रसाद कंडेलको अध्यक्षतामा भएको कार्यक्रम वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका चन्द्र श्रेष्ठले सञ्चालन गर्नुभएको थियो।

## संघका सदस्यले मनकामना दर्शन प्रा.लि.मा छुट पाउने



उद्योग वाणिज्य संघ-चितवनका सदस्य उद्योगी व्यवसायीले मनाकामना दर्शन गर्न जादा केवुलकारको टिकटमा छुट पाउने भएका छन् । उद्योग वाणिज्य संघ-चितवनका सदस्यलाई केवुलकारमा छुट दिनेसम्बन्धी मनकामना दर्शन प्रा. लि. र उद्योग वाणिज्य संघ-चितवन बिच २०८० चैत्र २ गते लिखित सम्झौता भएको थियो। उद्योग वाणिज्य संघ-चितवनको संस्थागत उत्तरदायित्वअर्न्तगत रहेर संघमा आबद्ध सदस्य व्यवसायीलाई उक्त छुट दिने व्यवस्था गरिएको संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले बताउनुभएको थियो। उहाँले अन्य सेवा उपलब्ध गराउने संस्थाहरूसँग पनि छुट गराउन पहल गरिरहेको बताउनु भएको थियो। केबुलकारको छुटमा टिकट खरिद गर्नका लागि मनकामना मार्ग स्थित मुख्य कार्यालय र कुरिनटार स्थित शाखा कार्यालयबाट टिकट खरिद गर्न सकिने मनकामना दर्शन प्रा. लि. ले जनाएको छ। कुरिनटार स्थित सञ्चालित केबुलकारको टिकट खरिदमा उद्योग वाणिज्य संघ-चितवनका सदस्यले १५ प्रतिशत छुट पाउने र सहुलियत सुविधा प्राप्त गर्नको लागि उद्योग वाणिज्य संघ-चितवनमा आबद्ध सदस्यहरूले संघबाट उपलब्ध गराएको सदस्यता परिचयपत्र देखाउनु पर्ने सम्झौता पत्रमा उल्लेख गरेको छ।

## करसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न




उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा संघको सभाहलमा २०८० चैत्र ६ गते करसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । उद्योगी व्यवसायीहरूलाई कर तथा राजश्वसम्बन्धी सचेत बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो। अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले व्यवसायीहरूले पनि करसम्बन्धी नीति नियमहरू अध्ययन गर्न आग्रह गर्दै उहाँले सरकारले लिएका करसम्बन्धी नयाँ नीति, लगायत व्यवसायीहरूलाई परेका करसम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो ।कार्यक्रमका आन्तरिक राजश्व कार्यालयका कर अधिकृत शिवप्रसाद ढुङ्गानाले कर तथा राजश्वका नीतिहरूको बारेमा जानकारी गराउँदै कर इन्ट्री गर्दा हुने त्रुटिहरूले व्यवसायी समस्यामा परेको बताउनुभएको थियो । कार्यक्रममा सहभागीहरूले व्यवसायीले तिरेको कर काहाँ जान्छ र तिरेको करले व्यवसायीहरूलाई के फाइदाहुन्छ प्रतिफल कहिले आउछ र व्यवसाय सधै सफल हुन्छ भन्ने छैन बिग्रेमा हामी कसरी बाच्ने भन्दै तिरेको कर भविष्यमा फिर्ता हुनपर्ने माग राखेका थिए।

कार्यक्रममा कर अधिकृत शिवप्रसाद ढुङ्गाना र राजनकुमार रेग्मीले व्यवसायीहरूका गुनासाहरू सम्बोधन गर्दै कर फिर्ताको विषयमा माथिल्लो निकायमा कुरा पुऱ्याउने बताउनुभएको थियो।

कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै उद्योग वाणिज्य संघ-चितवनका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले करदाता र कर कार्यालय विचको सम्बन्ध प्रगाढ भएमा कर सङ्कलन गर्न सहज हुने बताउनुभएको थियो।

कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, उपाध्यक्ष त्रय राजेन्द्र ओली, अशोक अधिकारी, नारायण प्रधान, संघका कार्यसमिति सदस्यज्यूहरू विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरू लगायत उद्योगी व्यवसायीहरू गरी करिव १०० जनाको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो।

## चितवन प्रहरी प्रमुख भावेश रिमाललाई संघमा स्वागत

उद्योग वाणिज्य संघ-चितवनले २०८० चैत्र ८ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी चितवन जिल्ला प्रहरी प्रमुखको स्वागत गरेको थियो । चितवन जिल्लाका लागि नवआगन्तुक प्रहरी प्रमुखको रुपमा आउनुभएका प्रहरी उपरिक्षक भावेश रिमाललाई संघमा स्वागत गरिएको थियो ।

स्वागत कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघका बारेमा जानकारी गराउँदै उहाँले विगत लामो समयदेखि उद्यमी व्यवसायी र प्रहरी प्रशासन एक आपसमा सहकार्य गर्दै अगाडि बढेको जानकारी गराउनुभएको थियो । उहाँले आगामी दिनहरूमा पनि सहकार्य रहिरहने अपेक्षा व्यक्त गर्नुभयो । कार्यक्रममा स्वागत गर्नुहुँदै अध्यक्ष श्रेष्ठले चितवन जिल्लाको समग्र विकासलगायत यस जिल्लाको शान्ति सुरक्षाको सवालमा समेत प्रहरीसँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले संघले विकासको सार्वजनिक निजी साझेदारी अवधारणा बमोजिम स्थानीय प्रशासन , सुरक्षा निकाय , स्थानीय निकायसँग सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभएको थियो । कार्यक्रममा बोल्दै जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरिक्षक भावेश रिमालले चितवन जिल्लाको शान्ति, सुरक्षा र अमन चयनमा कुनै कसुर नराख्ने बताउँदै व्यवसायीको तर्फबाट पनि सहकार्यको अपेक्षा राखेको धारणा व्यक्त गर्नुभयो । स्वागत कार्यक्रममा बोल्दै प्रहरी प्रमुख रिमालले आमनागरिको पनि आफू पनि प्रहरी रहेको अनुभूत गर्दै आफ्नो प्रहरी आफू नै बनी व्यवसाय एवम् आफ्नो सुरक्षामा सचेत रहन अनुरोध गर्नुभयो ।

कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ चितवनका पूर्व अध्यक्ष रमेशकुमार पियाले आर्थिक मन्दीको वेला चोरी डकैती लगायतका क्रियाकलाव बढी हुने भएकाले सुरक्षामा चनाखो हुन अनुरोध गर्दै उहाँले भरतपुर भ्रमण वर्षको अवसरमा चितवनमा आउने पर्यटकहरूले सुरक्षित महसुस गर्ने वातावरण सृजना हुनेमा विश्वस्त हुँदै नवआगन्तुक प्रहरी प्रमुख भावेश रिमाललाई चितवन बसाइ सफलताको शुभकामना दिनुभएको थियो ।




कार्यक्रममा मन्तब्य ब्यक्त गर्दै संघका पुर्व अध्यक्ष उत्तमलाल चुकेले चितवन जिल्लाको सुरक्षा व्यवस्थापनहोस् वा अपराध न्यूनिकरणका सवालमा होस उद्योग वाणिज्य संघ चितवनले विगतमा पनि सहकार्य गरेको र आगामी दिनमा समेत सहकार्य गरी अगाडी बढ्ने बताउनुभएको थियो ।

कार्यक्रममा संघका पूर्वअध्यक्षज्यूहरू पदाधिकारी , कार्यसमिति सदस्य विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारीहरूको उपस्थिति रहेको थियो । संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले धन्यवाद ज्ञापन गर्नुभएको स्वागत कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।

## बालकुमारी कलेजमा व्यावसायिक शिक्षासम्बन्धी अन्तरक्रिया




चितवनको अग्रणी शैक्षिक सस्था बालकुमारी कलेजमा व्यवसाय प्रवर्द्धन र उद्यमशीलताको विषयमा २०८० चैत्र ८ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । बालकुमारी कलेजले उद्योग वाणिज्य संघ चितवनका पदाधिकारी तथा सदस्यहरूसँग चितवनको उद्योग व्यवसायको प्रवर्द्धन र शैक्षिक क्षेत्रको भुमिकाको विषयमा छलफल भएको थियो । कार्यक्रमका वक्ताहरूले उद्यमशीलता र व्यवसाय प्रवर्द्धनको लागि कलेजहरूले व्यवसायिक तथा व्यवहारिक शिक्षामा जोड दिनुपर्ने बताएका थिए ।

उद्योगी व्यवसायीहरूले दक्ष कामदार नपाउने र कामदारहरूले रोजगारीको अवसर नपाउने अवस्था रहेको वताउँदै वक्ताहरूले गुणस्तरीय जनशक्ति उत्पादन गर्नको लागि कलेज तहको पाठ्क्रममा व्यवसायिक शिक्षालाई समावेस गर्नुपर्ने बताएका थिए । कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठ, प्रथम उपाध्यक्ष राजेन्द्र ओली, बालकुमारी कलेजका संचालक सदस्य दिगम्बर पिया, प्रिन्सिपल जगदिश्वर खनाल, निवर्तमान प्रिन्सिपल चुन नारायण श्रेष्ठ, संस्थापक प्रिन्सिपल चिरन्जीवी श्रेष्ठ लगायतले बोल्नुभएको थियो ।

## संघमा कृषिसम्बन्धी छलफल




उद्योग वाणिज्य संघ चितवनको सचिवालयमा २०८० चैत्र ८ गते कृषिसम्बन्धी अन्तरक्रिया भएको थियो । उवासंघ चितवनका प्रतिनिधिहरू र कृषि तथा वन विज्ञान विश्व विद्यालयका प्राध्यापकहरू बिच कृषि प्रवर्द्धनको विषयमा अन्तरक्रिया भएको थियो । कार्यक्रममा कृषिलाई कसरी व्यवसायिक र आत्मनिर्भर बनाउने भन्ने विषयमा छलफल भएको थियो । कार्यक्रमका वक्ताहरूले कृषि विना आर्थिक समृद्धि सम्भव नभएको भन्दै कृषि उत्पादन वृद्धि गरी कृषिमा आत्मनिर्भर हुनका लागि आधुनिक कृषि प्रणालीमा जोड दिनुपर्ने बताएका थिए ।

कार्यक्रममा कृषि विज्ञ शुक्र कुमार प्रधान, प्रोफेसर डा. सुनिला राई, उवासंघ चितवनका अध्यक्ष एवम् पदाधिकारी, विशिष्ट सदस्य विशाल श्रेष्ठ, कार्यकारी निर्देशक निल बहादुर केसी लगायतको सहभागिता रहेको थियो । सो अवसरमा विशेष गरी चितवनमा कृषि प्रवर्द्धन र माछाको व्यवसायिक उत्पादन, अक्वाकल्चरको विविधीकरण, साथै आगामी अक्टोबरमा चितवनमा हुन लागेको अक्वाकल्चर सम्बन्धी सम्मेलनबाट आउने अध्यायनको परिणाम बमोजिम चितवनमा माछा र मासुजन्य उद्यमशीलताको विकास गर्ने विषयमा समेत छलफल भएको थियो ।

## राष्ट्रिय सभा अध्यक्ष र भरतपुर महानगर प्रमुखलाई बधाई तथा सम्मान






उद्योग वाणिज्य संघ-चितवनले २०८० चैत्र १३ गते आफ्नो सचिवालयमा एक कार्यक्रमको आयोजना गरी राष्ट्रिय सभा अध्यक्ष र भरतपुर महानगरपालिका प्रमुखलाई बधाई तथा सम्मान गरेको थियो । उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा राष्ट्रिय सभा अध्यक्षमा नवनिर्वाचित सम्माननीय नारायणप्रसाद दाहालज्यूलाई बधाई तथा भरतपुर महानगरपालिका नगर प्रमुख रेनु दाहालज्यूलाई बेलायतमा प्रतिष्ठित "पोलिटिकल एन्ड पब्लिक लाइफ अवार्ड "अन्तर्गत सन् २०२४ को' इन्टरनेसनल मेयर अवार्ड' प्राप्त गर्नुभएकोमा सम्मान गरिएको थियो ।

बधाई तथा सम्मान कार्यक्रममा स्वागत गर्नुहुँदै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले राष्ट्रिय सभा अध्यक्षमा नवनिर्वाचित सम्माननीय नारायणप्रसाद दाहालज्यू र भरतपुर महानगरपालिका नगर प्रमुख रेनु दाहालज्यूलाई बधाई सहित स्वागत गर्दै उहाँले चितवन जिल्लाको आर्थिक तथा सामाजिक विकासका लागि संघले कृषि, शिक्षा, स्वस्थ्य र पर्यटनलाई मुख्य आधार स्तम्भको रूपमा जिल्लाको चौतर्फी विकास गर्न सकिन्छ भन्ने उद्देश्य राखेर अगाडि बढिरहेको बताउनुभएको थियो । कार्यक्रममा प्रमुख अतिथि राष्ट्रिय सभा अध्यक्ष सम्माननीय नारायणप्रसाद दाहालले राष्ट्रिय एकतालाई मिलाएर लैजाने केन्द्र राष्ट्रिय सभा भएको बताउँदै उहाँले राष्ट्रिय सभालाई संविधानले व्यवस्था गरेअनुसार जिम्मेवारीमा निरन्तर लाग्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।कार्यक्रममा विशिष्ट अतिथि रेनु दाहाले भरतपुर महानगरले अन्तर्राष्ट्रिय पुरस्कार पाउनु महानगरवासीको गर्वको विषय भएको बताउँदै उहाँले भरतपुर महानगरको आर्थिक एवम् सामाजिक विकासमा अझ बढी जिम्मेवारी थपिएको बताउनुभएको थियो । उहाँले भरतपुर महानगरपालिकाले भ्रमण वर्षको अवसरमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्रमहरू भरतपुरमा गर्न संघीय तथा सबै प्रदेश सरकार र स्थानिय तहमा समन्वय गरेको बताउँदै निजी क्षेत्रको समेत सहकार्य र सक्रियताको आवश्यकता रहेको बताउनुभएको थियो । उहाँले महानगरले गर्न लागेको भावि कार्यक्रमहरूको बारेमा समेत जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष देशीराम प्रधानले चितवनमा औद्योगिक क्षेत्र विकासमा पहल गर्न राष्ट्रिय सभा अध्यक्ष र महानगर प्रमुखलाई पहल गर्न अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय सभा अध्यक्ष सम्माननीय नारायण प्रसाद दाहालज्यूलाई बधाईसहित सम्मानपत्र उद्योग वाणिज्य संघ चिवनका पूर्व अध्यक्ष देशीराम प्रधानज्यूले हस्तान्तरण गर्नुभएको थियो भने भरतपुर महानगरपालिका नगर प्रमुख रेनु दाहालज्यूलाई बधाईसहित सम्मानपत्र उद्योग वाणिज्य संघ चिवनका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधानज्यूले हस्तान्तरण गर्नुभएको थियो । कार्यक्रममा वागमती प्रदेश सभा सदस्य ईश्वर सापकोटाज्यू लगायत संघका पूर्वअध्यक्षज्यूहरू प्रचण्डलाल प्रधान, उत्तमलाल चुके, डा. तिलचन्द्र भट्टराई, कल्याण जोशी, राजन गौतम, राजु श्रेष्ठ, निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, संघका पदाधिकारी, कार्यसमिति सदस्य विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारीहरूको उपस्थिति रहेको थियो । संघका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एवम् संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन गर्नुभएको बधाई तथा सम्मान कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो ।

## युएसएआइडीका प्रतिनिधिहरूसँग चितवनको कृषि विकाससम्बन्धी छलफल




युएसएआइडीका प्रतिनिधि र संघको टिम विच २०८० चैत्र १५ गते संघको सचिवालयमा छलफल भएको थियो। चितवन जिल्लाको कृषि विकासका सम्बन्धमा छलफल भएको थियो। छलफल कार्यक्रममा उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघले विकासका लागि लिएको लक्ष्यमा कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन रहेको जानकारी गराउँदै उहाँले कृषि विकासमा युएसएआइडीसँग सहकार्य गरेर अगाडि बढ्न संघ तयार रहेको बताउनुभएको थियो। छलफलमा युएसएआईडी, फिड द फ्युचरका चिफ अफ पार्टि Alexis Terry Elicott उद्योग वाणिज्य संघ-चितवन सहकार्य गरेर चितवनको कृषि विकासमा लाग्ने बताउनुभएको थियो। छलफल कार्यक्रममा युएसएआइडीका प्रतिनिधि र संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओली, कार्यकारी निर्देशक निलबहादुर के.सी र कार्यक्रम अधिकृत गणेश सुवेदीको सहभागीता रहेको थियो।

## काभ्रे र चितवनका महिला उद्यमी विच छलफल कार्यक्रम सम्पन्न

काभ्रे र चितवनका महिला उद्यमीहरू विच मिति २०८० चैत्र २१ गते संघको सचिवालयमा छलफल भएको थियो। उद्योग वाणिज्य संघ-चितवनको महिला उद्यमी समिति संयोजक अस्मिता तिमिल्सिनाको अध्यक्षतामा भएको छफफल कार्यक्रममा काभ्रे र चितवनका महिला उद्यमीहरू द्वारा उत्पादित वस्तुहरूलाई बजारीकरणका विषयमा कुरा भएको थियो। काभ्रेमा महिला उद्यमीहरूले उत्पादन गरेका वस्तु तथा चितवन महिला उद्यमीले उत्पादन गरेको वस्तुहरूको बारेमा समेत एक अर्कालाई जानकारी गराइएको थियो। छलफल कार्यक्रममा उद्योग वणिज्य संघ-चितवनको कार्यसमिति सदस्य दीपा शाही लगायत महिला उद्यमी समितिका सदस्यहरू र महिला उद्यमी मञ्च काभ्रेका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।




## घुमौ भरतपुरलाई प्रवर्द्धन गर्दै संघले चितवनको क्षेत्रीय आर्थिक विकासको अभियान सञ्चान




उद्योग वाणिज्य संघ-चितवनले उद्योगी व्यवसायीहरूको हक हित, संरक्षण र संवर्द्धन गर्दै उद्योग व्यवसायमैत्री वातावरण निर्माण गर्ने उदेश्यले स्थापित यस संघले चितवन र आसपासका क्षेत्रका निजी क्षेत्रको नेतृत्व गर्दै क्षेत्रीय आर्थिक विकासको अभियान सुरु गरेको थियो। संघले पूर्वमा मकवानपुरदेखी पश्चिम दुम्किवास सम्मको क्षेत्रको करिडोरको एकीकृत विकासको लागि अभियान सुरु गरेको थियो। संघले उक्त अभियानअर्न्तगत २०८० चैत १९ गते चितवनका रत्ननगर उद्योग वाणिज्य संघ, खैरहनी उद्योग वाणिज्य संघ, राप्ती उद्योग वाणिज्य संघ र मकवानपुर उद्योग वाणिज्य संघ संग छुट्टा छुट्टै छलफल गरी यस क्षेत्रको आर्थिक विकासका सवालमा एकीकृत हुँदै साझा अवधारण निर्माण गर्न अनुरोध गरेको थियो। संघका अध्यक्ष सुमन कुमार श्रेष्ठको नेतृत्वमा गएको पदाधिकारी तथा कार्यसमिति सदस्यहरूको समूहले उक्त अपिल गरेका थिए। यसैगरी संघले २०८० चैत २० गतेका दिन नवलपुरका विभिन्न उद्योग वाणिज्य संघहरूसँग भेटघाट तथा छलफल कार्यक्रमको आयोजना गरी सोको पहल गरेको थियो। संघले गैंडाकोट उद्योग वाणिज्य संघ, देवचुली उद्योग वाणिज्य संघ, नवलपुर उद्योग वाणिज्य संघ र मध्यविन्दु उद्योग वाणिज्य संघसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको थियो। आर्थिक मन्दीका कारण विक्षिप्त आर्थिक क्षेत्रको विकासका लागि अवका दिनमा सामूहिक पहल कदमी र सहकार्यको आवश्यकता रहेको भनि उवासंघले उक्त अभियान चलाएको थियो। चितवन र आसपासका क्षेत्रको समग्र विकासका लागि निजी क्षेत्रको संयुक्त आर्थिक मञ्चको गठन गरी पहल गरिने संघका अध्यक्ष सुमन कुमार श्रेष्ठले बताउनुभएको थियो। यसै गरी चितवन जिल्ला र यस आसपासका उद्योग वाणिज्य संघहरूले आयोजना गर्ने कार्यक्रमलाई समेत एकीकृत गर्ने र राष्ट्रिय स्तरमा उठान गर्नुपर्ने विषयलाई पनि संयुक्त रुपमा लैजानको लागि भ्रमण गरेको संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले बताउनुभएको थियो। यसै गरी चितवन जिल्ला र यस आसपासका उद्योग वाणिज्य संघहरूले आयोजना गर्ने कार्यक्रमलाई समेत एकीकृत गर्ने र राष्ट्रिय स्तरमा उठान गर्नुपर्ने विषयलाई पनि संयुक्त रुपमा लैजानको लागि भ्रमण गरेको संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले बताउनुभएको थियो।

## सिद्धार्थ उद्योग वाणिज्य संघका व्यवसायी चितवनमा




उद्योग वाणिज्य संघ-चितवनले सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीको अध्ययन अवलोकन भ्रमण टोलीलाई २०८० चैत्र २१ गते एक कार्यक्रमको आयोजना गरी स्वागत गरेको थियो। सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठको नेतृत्वमा आएको भ्रमण टोलीलाई संघले स्वागत गरेको थियो। नेपालको विभिन्न सफल उद्योग वाणिज्य संघहरूको अध्ययन अवलोकन गर्ने सन्दर्भमा उक्त संघ उद्योग वाणिज्य संघ-चितवनमा आएको थियो।

स्वागत एवम् छलफल कार्यक्रमा उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले यस किसिमको कार्यक्रमले व्यवसायिक साथसाथै संस्थागत एकता सुदृढ गर्नमा समेत सहयोग पुऱ्याउने बताउँदै उहाँले उद्योग वाणिज्य संघ-चितवनको संक्षिप्त जानकारी दिँदै निजी क्षेत्रका संलग्नता विना आर्थिक समृद्धिको नहुने भन्दै सरकारले निजी क्षेत्रसँग हातेमालो गर्दै जानुपर्ने बताउनुभएको थियो। उहाँले यस किसिमका भेटघाटले दुवै क्षेत्रका उद्योगी व्यवसायीको समस्या पहिचान गरी सरकार सँग पहल गर्नुपर्ने दुवै संघका समस्याहरूको पनि पहिचान हुने बताउनुभएको थियो।

कार्यक्रममा बोल्दै नेपाल उद्योग वाणिज्य महासंघका कार्यकारिणी सदस्य एवम् सिर्द्धाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष भीष्मप्रसाद न्यौपानेले आर्थिक मन्दीका कारण नयाँ उद्यम सृजना गर्ने जोस जागर हराउँदै गएको बताउँदै जिल्लामा भएको उद्योगी व्यवसायीहरूको समस्यालाई महासंघमा लैजान आफू प्रतिबद्ध रहेको जानकारी गराउनु भएको थियो।

कार्यक्रममा बोल्दैसिर्द्धाथ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले उद्योग वाणिज्य संघ-चितवनले गरेको आतिथ्य तथा कार्यप्रगतिको प्रशंसा गर्दै आफ्नो संघको संक्षित जानकारी दिनुहुँदै व्यावसायिक ऐक्यबद्धताका लागि उद्योग वाणिज्य संघ-चितवनसँग सँगसँगै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो।

छलफलमा भैरहवा इन्टरनेसनल ययरपोर्ट छिटो सुचारु गर्न र नारायणगढ बुटवल सडक विस्तारको कार्य छिटो सम्पन्न गर्न दुवै संघले साझा रुपमा पहल गर्ने साथै उद्योगी व्यवसायीका समस्या आर्थिक नीति, राजश्व नीति, झनजटिलो कर प्रणाली लगायतका विषयमा दुई उद्योग वाणिज्य संघ बिच साझा धारण बनाएर समस्या समधानका लागि सम्बन्धित निकायको ध्यानार्कषण गराउने विषमा प्रतिबद्ध भएका थिए।

सिर्द्धाथ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठको नेतृत्वमा कार्यसमिति सदस्य, महिला उद्यमी लगायत २७ जनाको सहभागिता रहेको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष त्रय राजेन्द्र ओली, अशोक अधिकारी र नारायण प्रधान लगायत कार्यसमितिका सदस्यहरू कार्यकारी निर्देशक निलबहादुर के.सी, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् प्रतिनिधिज्यूहरूको उपस्थिति रहेको थियो। यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष लगायत पदाधिकारी र कार्यसमितिको उपस्थिति रहेको थियो। टोलीले संघको सचिवालय र नारायणी नदी किनारको अवलोकन समेत गरेका थिए। उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त कायक्रम संघका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने स्वागत एवम् छलफल कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो।

## ललितपुर उद्योग वाणिज्य संघको भ्रमण टोलीलाई उवासंघ चिवनमा स्वागत

उद्योग वाणिज्य संघ-चितवनले लालितपुर उद्योग वाणिज्य संघको अध्ययन अवलोकन भ्रमण टोलीलाई २०८० चैत्र २२ गते संघको सचिवालयमा कार्यक्रमको आयोजना गरी स्वागत गरेको थियो। स्वागत एवम् छलफल कार्यक्रमा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले उद्योग वाणिज्य संघ-चितवनको संक्षिप्त जानकारी दिँदै उहाँले यस किसिमका भेटघाटले मित्रता बढ्नुका साथै दुवै क्षेत्रका उद्योगी व्यवसायीको समस्या पहिचान गरी समस्या समधानका लागि सम्बन्धित निकायमा पहल गर्न सहज हुने बताउनुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठले स्वागत गर्दै उहाँले उद्योग वाणिज्य संघहरूले व्यावसायिक हितका साथै राष्ट्रिय हितका विषयमा पनि कुरा उठाउन पर्ने बताउनुभएको थियो। उहाँले भरतपुर भ्रमण वर्ष २०२४ लाई सफल बनाउन ललितपुर र चितवन विच पर्यटकीय गतिविधि बढाउन भ्रमण टिमलाई अनुरोध गर्नुभएको थियो।कार्यक्रममा बोल्दै ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष विश्वराज वर्जचार्यले उद्योग वाणिज्य संघ-चितवनले आतिथ्य प्रदान गरेकोमा धन्यवाद व्यक्त गर्दै उहाँले संघको संक्षित जानकारी दिनुभएको थियो। उहाँले उद्योगी व्यवसायीहरूको हक हित एवम् समस्या समधानका लागि उद्योग वाणिज्य संघ-चितवनसँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता



व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा ललितपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष मनोजबहादुर न्यौछ्यौले उद्योग वाणिज्य संघका अध्यक्षहरूको अस्तित्वका लागि सरकारी हिसाबमा पदको क्रमबद्धता खोज्नुपर्ने बताउनुभएको थियो ।

छलफलमा दुई उद्योग वाणिज्य संघ बिच भगिनी सम्बन्ध विस्तार गरी चितवन र ललितपुर बिच व्यवसायिक परियोजनाहरूमा सहकार्य गर्ने, लगायत ललितपुरका कलाकारिता चितवनमा भित्र्याउनेदेखि उद्योगी व्यवसायीका समस्याहरूलाई समधानका लागि सम्बन्धित निकायको ध्यानार्कषण गराउने विषयमा प्रतिबद्ध भएका थिए ।

ललितपुर उद्योग वाणिज्य संघका अध्यक्ष विश्वराज वज्राचार्यको नेतृत्वमा कार्यसमिति सदस्य, महिला उद्यमी लगायत २० जनाको सहभागिता रहेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका उपाध्यक्ष त्रय राजेन्द्र ओली, अशोक अधिकारी र नारायण प्रधान लगायत कार्यसमितिका सदस्यहरू उपस्थित रहेको थियो । यसैगरी ललितपुर उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष लगायत पदाधिकारी र कार्यसमितिको उपस्थिति रहेको थियो । टोलीले संघको सचिवालय र नारायणी नदी किनारको अवलोकनसमेत गरेको थिए । उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीको अध्यक्षता एवम् संघका प्रथम उपाध्यक्ष राजेन्द्र ओलीले धन्यवाद ज्ञापन गर्नुभएको थियो भने स्वागत एवम् छलफल कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सी सञ्चालन गर्नुभएको थियो ।

## संघले विविध कार्यक्रमसहित नव वर्ष उत्सव-२०८१ मनायो

उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् भरतपुर महानगरपालिकाको प्रबर्द्धनमा आयोजित नववर्ष उत्सव २०८१ सम्पन्न भएको छ। २०८० चैत्र ३० गते र २०८१ वैशाख १ सम्म भरतपुर-१, नारायणी नदी किनार, प्रदर्शनी मैदानमा सञ्चालित नववर्ष उत्सवको भरतपुर महानगरपालिका नगर प्रमुख रेनु दाहाले उद्घाटन गर्नुभएको थियो। उद्घाटन कार्यक्रममा बोल्दै प्रमुख अतिथि एवम् भरतपुर महानगरपालिका नगर प्रमुख रेनु दाहाले सबैलाई नयाँवर्ष २०८१ को शुभकामना व्यक्त गर्दै उहाँले सुस्ताएको अर्थतन्त्रलाई माथि उकास्न भरतपुर महानगरपालिकाले विविध कार्यक्रमहरू गर्ने बताउनुभयो । उहाँले भरतपुर भ्रमण वर्ष सफल बनाउन लगायत समग्र महानगरको विकासमा उद्योग वाणिज्य संघ-चितवनले खेलेको भूमिकाको प्रशंसा गर्नुभएको थियो । नववर्ष उत्सव-२०८१ उद्घाटन कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष एवम् मेलाका मूल संयोजक सुमनकुमार श्रेष्ठले नववर्ष २०८१ को शुभकामना व्यक्त गर्दै उहाँले नेपाली संस्कृतिको संरक्षणका साथै भरतपुर भ्रमण वर्ष २०२४ को प्रवर्धन समेत हुने उक्त कार्यक्रमले चितवन जिल्लाको आर्थिक गतिविधि चलायमान गराउनमा समेत सहयोग पुग्ने बताउनुभएको थियो । उहाँले आर्थिक मन्दी र व्यापार व्यवसायमा आएको सुस्तताका कारण आर्थिक क्षेत्र गम्भीर परिस्थितिमा रहेकाले आर्थिक क्षेत्र चलायमान गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो । कार्यक्रममा बोल्दै भरतपुर महानगरपालिका उप्रमुख चित्रसेन अधिकारीले नयाँ वर्षको शुभकामना दिँदै भरतपुर भ्रमण वर्ष २०२४ लाई सफल पार्न सबैलाई अपिल गर्नुभएको थियो। उक्त कार्यक्रमको अवसरमा उद्योग वाणिज्य संघ-चितवन द्धारा भरतपुर भ्रमण वर्ष २०२४ को लोगो एवम् भरतपुर महानगर भित्रका पर्यटकी गन्तव्य लगायत संघको क्रियाकलापहरू समावेश गरी प्रकाशन गरिएको वर्ष २०८१ को क्यालेन्डर सोही कार्यक्रममा विमोचन गरिएको थियो । कार्यक्रमलाई सफल बनाउन सहयोग गर्ने मूख्य प्रयोजक एवम् प्रायोजक संस्थाहरूलाई मायाको चिनो प्रदान गरिएको थियो । उद्योग वाणिज्य संघ-चितवनका कार्यसमिति सदस्य दाताराम घिमिरेको संयोजनमा भएको यस कार्यक्रममा जिल्लाका राजनैतिक दलका प्रमुखहरू, सरकारी कार्यालयका प्रमुखहरू, निजी क्षेत्रका प्रमुखहरू विभिन्न संघ संस्थाका प्रमुखहरू उद्योग वाणिज्य संघका पूर्व अध्यक्षज्यूहरू, पदाधिकारी कार्यसमिति, सञ्चारकर्मी लगायत हजारौ आम सर्वसाधरणहरूको उपस्थिति रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनको अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता एमव् भरतपुर महानगरपालिका नगरप्रमुख रेनुदाहालको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रमको औपचारिक सेसन उद्योग वाणिज्य संघ-चितवनको कार्यसमिति सदस्य सुनिता लिगल कर्मचार्यले सञ्चालन गर्नुभएको थियो भने सास्कृतिक कार्यक्रम संघका कार्यसमिति सदस्य दाताराम घिमिरेले सञ्चालन गर्नुभएको थियो ।





# समसामयिक व्यावसायिक विषयमा नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दामोदर भण्डारीसँग छलफल कार्यक्रम




उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा संघको सचिवालयमा २०८१ वैशाख ७ गते समसामयिक व्यावसायिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा विभिन्न क्षेत्रका व्यवसायीहरूले आफ्ना समस्या समाधानार्थ नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दामोदर भण्डारी सामु प्रस्तुत गरेका थिए । कार्यक्रमा स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले देशको विकासमा उद्यमी व्यवसायीको भूमिका महत्त्वपुर्ण रहने बताउँदै आर्थिक समृद्धि र देशको व्यापार घाटा न्यूनीकरणका लागि सरकारले व्यवसायमैत्री नीति नियम बनाउनु पर्ने बताउनुभएको थियो। उहाँले सरकारी क्षेत्रबाट उद्योग तथा व्यापार अनुगमन गर्दा निजी क्षेत्रलाई पनि सामेल बनाउनु पर्ने माग राख्नुभएको थियो। उहाँले भरतपुर भ्रमण वर्ष २०२४ लाई सफल पार्न कार्यक्रमहरू भरतपुर ल्याउन माननीय मन्त्रीज्यूलाई आग्रह गर्दै उहाँले चितवन एवम् देशमा रहेका रुग्ण उद्योगहरूको पुनर्उत्थान गर्न आग्रह गर्नुभएको थियो।कार्यक्रमका प्रमुख अतिथि नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दामोदर भण्डारीज्यूले भरतपुर भ्रमण वर्ष सफलताको शुभकामना व्यक्त गर्दै उहाँले दिगो सरकार नभएकाले उद्योगी व्यवसायीहरूको पुनर्उत्थान हुन नसकेको बताउनुभएको थियो। उहाँले उद्योगी व्यवसायीसँग सम्बन्धित नीति नियमहरू निजी क्षेत्रको प्रतिनिधित्वमा संसोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। आयातित कच्चा पदार्थबाट उत्पादित वस्तुहरूले विश्वबजारमा प्रतिस्पर्धा गर्न नसक्ने बताउँदै उहाँले कच्चा पदार्थ देशकै स्रोत साधनलाई प्रयोगमा ल्याई उद्योगहरूको पुनर्उत्थान गर्न सरकार प्रतिवद्ध रहेको बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष कल्याण जोशीले उद्योग व्यवसाय दर्ता र नवीकरणमा एकद्वार प्रणाली लागु गरी कायम गर्न माननीय मन्त्रीज्यूको ध्यानर्कषण गराउनुभएको थियो। उहाँले उद्योगहरूमा काम गर्ने कर्मचारी नपाउने अवस्था सृजना भएकोले युवाहरूलाई देशमा बस्ने वातावरण सृजना गर्नु पर्ने बताउनुभएको थियो।

कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै उद्योग वाणिज्य संघ चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले यस अन्तरक्रिया कार्यक्रमले उद्योगी व्यवसायीहरूको पीडालाई सम्बोधन हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभएको थियो। कार्यक्रममा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधान, निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, नेकपा एमाले चितवनका अध्यक्ष रामप्रसाद न्यौपाने, उद्योग वाणिज्य संघका उपाध्यक्ष द्वय राजेन्द्र ओली र नारायण प्रधान, संघका कार्यसमिति, भरतपुर महागरपालिका वडा नं ३ का वडा अध्यक्ष विकास थापा, उद्योग वाणिज्य संघ-चितवनमा आबद्ध वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारीहरूको उपस्थिति रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो।

# ०८१/०८२ को बजेटका विषयमा वागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय जगन्नाथ थपलियाज्यू सँग छलफल कार्यक्रम




उद्योग वाणिज्य संघ-चितवनको आयोजनामा संघको सचिवालयमा २०८१ जेठ १७ गते बागमती प्रदेश सरकारको ०८१/०८२ को बजेटको विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रममा विभिन्न क्षेत्रका व्यवसायीहरूले आफ्ना समस्या समाधानार्थ वागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलिया सामु प्रस्तुत गरेका थिए। कार्यक्रमा स्वागत गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले ठोरी नाका र भन्सार कार्यालयको स्तरोन्नति र क्षमता अभिवृद्धि गरि सञ्चालनका लागि माग राख्नुभएको थियो। उहाँले ठोरी नाका सहज सञ्चालनमा आए यस क्षेत्रको आर्थिक चलायमानमा समेत वृद्धि हुने बताउनुभएको थियो। उहाँले प्रदेश सरकारले बजेटमा चितवन जिल्लाको पहाडी क्षेत्रमा एकीकृत बस्ती विकासको अवधारणा अनुरुप बस्ती विकासमा जोड दिँदै उर्बर भूमिको संरक्षणमा जोड दिन माग गर्नुभएको थियो। साथै पहाडी पर्यटकीय क्षेत्र चौकीडाँडा लगायतका स्थानहरूमा सरल पहुँचका लागि सडक निर्माण र पदमपुरको पुल र सडक निर्माण र निर्माण भएका सडकको स्तरोन्नति लागि बजेटमा समावेश गर्न अनुरोध गर्नुभएको थियो। उहाँले जिल्लाको आर्थिक तथा सामाजिक विकासमा योगदान

पुऱ्याउने उद्देश्यले आयोजना गरिएका मेला महोत्सवमा प्रवर्धनका लागि राखिने विज्ञापन सामग्रीहरूमा कर लिने प्रावधान हटाउनुपर्ने, वैज्ञानिक कर प्रणालीको विकासका साथै कृषि, शिक्षा, पर्यटन र स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन गर्न माग राख्दै उहाँले माननीय मन्त्रीज्यूलाई माग पत्र हस्तान्त्रण गर्नुभएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि वागमती प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री माननीय जगन्नाथ थपलियाले उद्योग व्यवसाय क्षेत्रको विकासमा प्रदेश सरकार सकरात्मक भएर लाग्ने बताउँदै उहाँले उत्पादनमुखी क्षेत्रमा बजेट विनियोजन गर्ने बताउनुभएको थियो । उहाँले स्वदेशी वस्तु उत्पादन र प्रयोगमा ल्याउन जोड दिँदै उद्योगी व्यवासयीहरूको समस्या समधानमा सरकार सकारात्म भएर अगाडि बढ्ने बताउनुभएको थियो ।

कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष प्रचण्डलाल प्रधानले स्वास्थसम्बन्धी विधेयक नआउँदा अस्पताल नवीकरण हुन नसकेको बताउँदैँ उहाँले राजनैतिक समस्या वा अन्य के हो त्यसको सहजीकरण गरी व्यावसायिक वातावरण सृजना गर्न माग राख्नुभएको थियो ।

कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै उद्योग वाणिज्य संघ चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले वागमती प्रदेश सरकारको बजेटमा उद्योगी व्यवसायीको समस्या सम्बोधन हुनेछ भन्ने विश्वास लिएको बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष देशीराम प्रधान, रामप्रसाद श्रेष्ठ, प्रचण्डलाल प्रधान, कल्याण जोशी, निवर्तमान अध्यक्ष चुननारायण श्रेष्ठ, उद्योग वाणिज्य संघका उपाध्यक्ष त्रय राजेन्द्र ओली, अशोक अधिकारी, नारायण प्रधान, संघका कार्यसमिति, उद्योग वाणिज्य संघ-चितवनमा आबद्ध वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## अर्थिक विधेयकमा करसम्बन्धी व्यवस्थाका बारेमा अन्तरक्रिया




उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा २०८१ जेठ २३ गते आर्थिक विधेयक २०८१ ले प्रदान गरेका छुट सुविधा तथा कर प्रशासनसँग सम्बन्धित ऐन नियमावलीमा भएका संशोधन सम्बन्धी छलफल तथा अन्तरक्रियका कार्यक्रम सम्पन्न भएको थियो । अन्तरक्रिया कार्यक्रम उद्योग वाणिज्य संघ-चितवन र आन्तरिक राजश्व कार्यालय भरतपुरको आयोजना तथा चार्टड एकाउन्टेन्ट एसोसिएसन अफ चितवनको समन्वयमा भएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले संघ व्यवसायीहरूको समस्या समाधानमा सधै सक्रिय भएर लाग्ने बताउँदै उहाँले कर तथा राजश्व नीतिका बारेमा अन्य तालिमको आवश्यक परे संघ तालिम प्रदान गर्न सधैँ तयार रहेको बताउनुभएको थियो । उहाँले आर्थिक विधेयक २०८१ ले प्रदान गरेका छुट सुविधा तथा कर प्रशासनसँग सम्बन्धित ऐन नियमावलीमा भएका परिवर्तनका बारेमा उद्योगी व्यवसायीहरूलाई जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरेका बताउनुभएको थियो । कार्यक्रममा बोल्दैआन्तरिक राजश्व कार्यालयका प्रमुख कर अधिकृत निरन भट्टराईले कर तथा राजश्वसम्बन्धी केही गुनासो भएमा निर्धक भएर कर कार्यालय आउन अनुरोध गर्दै करका बारेमा सिकाउन कार्यालय सधैँ तयार रहेको बताउनुभएको थियो ।

कार्यक्रममा स्रोत व्यक्ति एवम् आन्तरिक राजश्व कार्यालयका कर अधिकृत गंगाराम अर्यालले व्यवसायीहरूलाई आर्थिक विधेयक २०८१ ले प्रदान गरेको कर छुट सहुलियत एवम् विद्यमान कर व्यवस्थामा भएका परिवर्तनका बारेमा जानकारी गराउनुभएको थियो । उहाँहरूले व्यवसायीहरूका गुनासाहरू सम्बोधन गर्दै करका नियमहरूका बारेमा पनि जानकारी गराउनुभएको थियो । कार्यक्रममा चार्टड एकाउन्टेन एसोसिएसन चितवनका सिए विशाल भट्टराईले पनि करसम्बन्धी प्रस्तुति दिनुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापनसहित समापन गर्नुभएको कार्यक्रमा उद्योग वाणिज्य संघ-चितवनका पदाधिकारी, कार्यसमिति सदस्यहरू, विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी एवम् उद्योगी व्यवसायी लगायत ८० जनाभन्दा बढी व्यवसायीहरूको उपस्थिति रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा भएको उक्त कार्यक्रम संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## प्रमुख जिल्ला अधिकारीलाई उद्योग वाणिज्य संघ-चितवनमा स्वागत

उद्योग वाणिज्य संघ-चितवनले २०८१ जेठ २७ गते संघको सचिवालयमा एक कार्यक्रमको आयोजना गरी जिल्ला प्रशासन कार्यालय चितवनका नवआगन्तुक प्रमुख जिल्ला जिल्ला अधिकारी इन्द्रदेव यादवलाई संघले स्वागत गरेको थियो । स्वागत कार्यक्रममा मन्तव्य व्यक्त गर्दै संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले विगत लामो समयदेखि उद्योग वाणिज्य संघ-चितवनको सम्बन्ध प्रशासन कार्यालय लगायत जिल्लाका सम्पूर्ण सरकारी कार्यालयहरूसँग सुमधुर रहँदै आएको बताउँदै आगामी दिनहरूमा पनि सम्बन्ध अझ बढी प्रगाढ रहने अपेक्षा व्यक्त गर्नुभयो । कार्यक्रममा स्वागत गर्नुहुँदै अध्यक्ष श्रेष्ठले संघको सङ्क्षिप्त जानकारी दिँदै चितवन जिल्लाको आर्थिक समाजिक एवम् समग्र विकासका लागि सबै निकायहरूसँग हातेमालो गर्दै अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले छिमेकी तथा अन्य मुलुकबाट आउने पर्यटकलाई आगमन प्रक्रियामा सहिजीकरणका लागि प्रमुख जिल्ला अधिकारीमार्फत सम्बन्धित निकायको ध्यानार्कण गराउन अनुरोध गर्नुभएको थियो । कार्यक्रममा जिल्ला प्रशासन कार्यालयका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले स्वागत एवम् परिचय कार्यक्रम आयोजना गरि यहाँका उद्योगी व्यवसायीहरूसंग

परिचय गर्ने अवसर प्रदान गरेकोमा संघ प्रति आभार व्यक्त गर्नुभएको थियो । उहाँले चितवन आर्थिक सामाजिक एवम् रणनीतिक हिसाबले महत्त्वपूर्ण जिल्ला भएको बताउँदै यहाँको सुरक्षा प्रदानको विषयमा प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष उदयकुमार श्रेष्ठले नवआगन्तुक जिल्ला प्रशासन कार्यालय चितवनका प्रमुख जिल्ला अधिकारीज्यूलाई कार्यकाल सफलताको शुभकामना दिँदै उहाँले उद्योग वाणिज्य संघ-चितवन व्यवसायीहरूको संस्था भए तापनि सामाजिक उत्तरदायित्वको कार्यमा पनि निरन्तर लागिरहने बताउनुभएको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका पूर्व अध्यक्ष उत्तमलाल चुकेले यस आर्थिक वर्षमा कोभिडका बेलाभन्दा वढी आर्थिक मन्दी भएको बताउँदै उहाँले पार्किङ्गको अभावले नारायणगढ बजार सुक्दै गएकोले साइड रोडमा पार्किङ्ग गर्न नदिने कुरा बजारमा आएकोले एक साइड मिलाएर पार्किङ्गको व्यवस्थापन गर्न प्रमुख जिल्ला अधिकारीको ध्यानर्कषण गर्नुभएको थिया ।




## मानिसको जीवन र व्यवसायमा वास्तुको प्रभावसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवन र इनरफेस काउन्सिलीङ्ग ट्रेडिङ्ग इन्स्टिच्यूटको संयुक्त आयोजना एवम् शंकर ऐकेडेमीको सहयोगमा २०८० जेठ २८ गते उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा एक दिने वास्तु सेमिनार कार्यक्रम सम्पन्न भएको थियो । व्यवसायमा आर्थिक प्रगतिको लागि वास्तुको भूमिका विषयक उक्त सेमिनार शंकर एकेडेमी काठमाडौँका आचार्य राजजावु शाहले वास्तुशास्त्रको बारेमा प्रशिक्षणमूलक प्रस्तुति प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा आफ्नो प्रस्तुति राख्दै प्रशिक्षक शाहले वास्तु के हो ? यो किन आवश्यक पर्छ ? यसले कस्तो प्रभाव पार्छ ? भन्ने विषयमा जानकारी गराउनुभएको थियो । उहाँले विशेषगरी घर, अफिस, उद्योग, व्यवसाय लगायत क्षेत्रमा आर्थिक एवम् सम्पूर्ण किसिमका लाभको लागि अपनाउनुपर्ने वास्तुशास्त्रको नियमको बारेमा जानकारी गराउनुभएको थियो ।  वास्तु एक प्रकारको ऊर्जा भएको बताउँदै उहाँले वास्तु मिलाएर मात्रै सफल हुन सकिने दाबी गर्नुभयो । विशेष गरी उहाँले नयाँ घर निर्माण गर्दा अपनाउनुपर्ने वास्तुको नियमको बारेमा व्याख्या गर्नुभएको थियो । उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, उपाध्यक्षहरू अशोक अधिकारी, कार्यसमिति , विभिन्न वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी र संघका सदस्यहरूको सहभागिता रहेको थियो । उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर केसीले सञ्चालन गर्नुभएको थियो ।



## व्यावसायिक  विकास सेवा केन्दका लागि उवासंघको रणनीतिक योजना सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनका तालिम कक्षमा २०८१ जेठ २९ र ३० गते  दुई दिवसीय रणनीतिक कार्ययोजना तर्जुमा गोष्ठी सम्पन्न भएको थियो । उद्योग वाणिज्य संघ-चिवनले आफ्नो सचिवालयमा स्थापना गर्न लागेको व्यवसाय विकास केन्द्र तथा चेम्बर लर्निङ सेन्टरको लागि रणनीतिक कार्ययोजना गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीलाई सम्बोधन गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले व्यवसायिक विकास बिना समग्र मुलुकको आर्थिक समृद्धि असम्भव हुने बताउँदै संघले उद्यमशीलता विकासको लागि कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो । उहाँले संघबाटनै व्यवसाय विकास र निर्यात प्रवर्धनको लागि उद्योग वाणिज्य संघमा नै व्यावसायिक विकास केन्द्र स्थापना गर्न लागिएको बताउनुभएको थियो । गोष्ठीमा आगामी ३ वर्षे समयावधिमा संघमा स्थापना हुन लागेको व्यावसायिक विकास केन्द्रले उद्योगी व्यवसायहरूलाई व्यवसाय विकाससम्बन्धी सेवाहरू, लगानीको तयारी, अन्तर्राष्ट्रिय अनुभव, परामर्श तथा मार्गदर्शन, अवसर र बजारमा पहुँच, नवप्रवर्धन व्यवसाय  सम्बन्धी कार्यक्रमको कार्ययोजना तर्जुमा गरिएको संघका कार्यकारी निर्देशक निलबहादुर केसीले बताउनुभएको थियो ।सञ्चालनको लागि तिन वर्षे रणनीतिक योजना र वार्षिक कार्यान्वयन योजना तयार गरेको थियो । कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको पदाधिकारी, कार्यसमिति र कर्मचारी गरी २५ जनाको सहभागीता रहेको थियो ।

## उद्योग वाणिज्य संघ-चितवनका सदस्यले मौलाकाली केवलकार लि. मा छुट पाउने



उद्योग वाणिज्य संघ-चितवनका सदस्य उद्योगी व्यवसायीले मौलाकालिका मन्दिर दर्शन गर्न जाँदा केबुलकारको टिकटमा छुट पाउने भएका छन् । उद्योग वाणिज्य संघ-चितवनका सदस्यलाई केबुलकारमा छुट दिनेसम्बन्धी मौलाकालिका केबलकार लि. र उद्योग वाणिज्य संघ-चितवन बिच २०८१ असार ६ गते सम्झौता पत्रमा हस्ताक्षर भएको थियो ।

उद्योग वाणिज्य संघ-चितवनको संस्थागत उत्तरदायित्वअर्न्तगत रहेर संघमा आबद्ध सदस्य व्यवसायीलाई उक्त छुट दिने व्यवस्था गरिएको संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले बताउनुभएको थियो । उहाँले अन्य सेवा उपलब्ध गराउने संस्थाहसँग पनि छुट गराउन पहल गरिरहेको बताउनुभएको थियो । केबुलकारको छुटमा टिकट खरिद गर्नको लागि मौलाकालिका केवलकारको कार्यालय वा काउन्टर बाट टिकट खरिद गर्न सकिने नवलपुरको गैडाकोट स्थित सञ्चालित मौलाकालिका केबुलकारको टिकट खरिदमा उद्योग वाणिज्य संघ-चितवनका सदस्यले २० प्रतिशत छुट पाउने सम्झौता पत्रमा उल्लेख गरिएको थियो ।

सहुलियत सुविधा प्राप्त गर्नको लागि उद्योग वाणिज्य संघ-चितवनमा आबद्ध सदस्यहरूले संघबाट उपलब्ध गराएको सदस्यता परिचयपत्र देखाउनु पर्नेछ र संघको सदस्यता नवीकरण भएको हुनुपर्ने छ । सम्झौता पत्र हस्ताक्षर कार्यक्रममा उद्योग वाणिज्य संघ-चितवनको अध्यक्ष सुमन कुमार श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, कार्यकारी निर्देशक निलबहादुर के.सी र मौलाकाली केवलकार लि. का प्रवन्धक सुरज पौडेल र कमलराज ढकालको सहभागिता रहेको थियो ।

## मुटु तथा मुटुरोगसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा २०८१ असार ७ गते मुटु तथा मुटुरोग सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको थियो । सचेतना कार्यक्रम उद्योग वाणिज्य संघ-चितवन, चेम्बर बहुउद्देश्यीय सहकारी संस्था, चितवन मुटु अस्पताल र नेपाल हृदयरोग प्रतिष्ठान चितवन शाखाको संयुक्त आयोजनामा भएको थियो ।

मुटु जोगाउ स्वस्थ बनौं भन्ने नारासहित आयोजना गरिएको उक्त कार्यक्रमा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले व्यावसायिक जीवन व्यस्त रहेकाले व्यक्तिगत स्वास्थ्यसम्बन्धी पनि ध्यान दिलाउन सचेतना कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो । उहाँले स्वास्थ्य नै सम्पति हो भन्ने मन्त्रलाई आत्मसाथ गर्दै विभिन्न समयमा संघले स्वास्थ्यसम्बन्धी कार्यक्रमहरू आयोजना गर्दै आइरहेको बताउँदै उहाँले व्यवसायीहरू धेरै समय व्यावसायिक कार्यमा व्यस्त हुने हुनाले र आफ्नो स्वास्थ्य सम्बन्धमा ध्यान नदिइरहेकोले हामी स्वास्थ्य भए मात्र आर्थिक, सामाजिक विकास गर्न सक्षम हुने बताउँदै उहाँले व्यवसायी एवम् सबैलाई स्वास्थ्यलाई ख्याल राखेर कार्य गर्न अनुरोध गर्नुभएको थियो ।

कार्यक्रमका प्रशिक्षक चितवन मुटु अस्पतालका विशेषज्ञ डा. शंकर लौडारीले मुटु तथा मुटुरोगका बारेमा जानकारी गराउँदै मुटुरोगको सबैभन्दा राम्रो प्रभावकारी उपचार सचेतना भएको बताउनुभएको थियो । उहाँले मुटुरोगबाट बच्ने उपायहरू, हृदयघात हुने कारण, मुटुरोगका लक्षण, समस्याका बारेमा जानकारी गराउँदै

सहभागिहरूको जिज्ञासा सम्बोधन गर्नुभएको थियो ।




कार्यक्रमका प्रशिक्षक चितवन मुटु अस्पतालका विशेषज्ञ डा. शंकर लौडारीले मुटु तथा मुटुरोगका बारेमा जानकारी गराउँदै मुटुरोगको सबैभन्दा राम्रो प्रभावकारी उपचार सचेतना भएको बताउनुभएको थियो । उहाँले मुटुरोगबाट बच्ने उपायहरू, हृदयघात हुने कारण, मुटुरोगका लक्षण, समस्याका बारेमा जानकारी गराउँदै सहभागिहरूको जिज्ञासा सम्बोधन गर्नुभएको थियो ।

कार्यक्रममा चेम्बर बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष रामप्रसाद श्रेष्ठ, उद्योग वाणिज्य संघ-चितवनको पूर्व अध्यक्ष देशीराम प्रधान, राजन गौतम, नेपाल हृदयरोग प्रतिष्ठान बागमती प्रदेशका संयोजक भोजराज कौडाल, चितवन शाखाका अध्यक्ष अशोक अधिकारी, उवसंघ चितवन वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदी, उपाध्यक्ष द्वय राजेन्द्र ओली, नारायण प्रधान लगायत संघका कार्यसमिति वस्तुगत संघका अध्यक्ष एवम् पदाधिकारी, चेम्वर बहुउद्देश्यीय सहकारी संस्था लि. का कार्यसमिति पदाधिकारी, उपसमितिका सदस्य एवम् उद्योगी व्यवसायी गरी करिब ८० जनाको सहभागिता रहेको थियो ।

उद्योग वाणिज्य संघ-चितवनको अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता सम्पन्न कार्यक्रम संघका कार्यकारी निर्देश निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## तनाव व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनको सभाहलमा २०८१ असार ७ गते संघको आयोजनामा तनाव व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले मानिसलाई आर्थिक, सामाजिक एवम् राजनैतिक तथा अन्य कामहरूले जोखिम सृजना गरिरहेको हुन्छ र जोखिमले तनाव उत्पन्न बनाउने बताउँदै उहाँले व्यवसायीहरू समय व्यवस्थापन एवम् आर्थिक व्यवस्थापन गर्नका लागि नै बढी तनावमा हुने भएकाले व्यवसायीहरूलाई तनाव व्यवस्थापन गर्ने तरिकाका बारेमा जानकारी गराउने उद्देश्यले यस कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो ।

कार्यक्रममा प्रशिक्षक ब्रह्मकुमारी राजयोग सेवा केन्द्रकका राजु घले भाइजीले तनाव व्यवस्थापन गर्ने तरिका लगायत मनलाई शान्त पर्ने तरिकाका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले खुसी आफैं सृजना गर्ने हो भन्दै मन खसी भए शरीरमा भएका रोगहरू समेत आधा घटेर जाने बताउँदै उहाँले सहभागीहरूको जिज्ञासाहरूलाई सम्बोधन गर्नुभएको थियो ।

उद्योग वाणिज्य संघ-चितवनका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी सुवेदीले धन्यवाद ज्ञापनसहित समापन गर्नुभएको तनाव व्यवस्थापनसम्बन्धी सचेतना कार्यक्रममा संघका पूर्व अध्यक्ष देशीराम प्रधान, रामप्रसाद श्रेष्ठ, प्रचण्डलाल प्रधान लगायत संघका पदाधिकारी कार्यसमिति विभिन्न वस्तुगत संघका अध्यक्ष, पदाधिकारी एवम् उद्योगी व्यवसायी गरी करिब ८० जनाको सहभागिता रहेको थियो ।

उद्योग वाणिज्य संघ-चितवनको अध्यक्ष सुमनकुमार श्रेष्ठको अध्यक्षता सम्पन्न कार्यक्रम संघका कार्यकारी निर्देश निलबहादुर के.सीले सञ्चालन गर्नुभएको थियो ।

## विश्वविद्यालय तथा कलेजका विद्यार्थीलाई उद्यमशील बनाउन जोड

होटल दियालो क्षेत्रपुरको सभाहलमा २०८१ असार २० देखि २३ गतेसम्म तीन दिने उद्यमशीलता विकासमा शैक्षिक संस्था र निजी क्षेत्रको भूमिका विषयक कार्यशाला सुरु भएको थियो। हाल अध्ययानरत विद्यार्थीहरुलाई कसरी स्वरोजगार बनाउन सकिन्छ र शैक्षिक प्रणालीमा के सुधार गरियो भने स्वरोजगार तिर आर्कषित हुन्छन् भन्ने विषयहरुको जानकारी लिन यस कार्यक्रमको आयोजना गरिएको थियो। मैयादेवी कन्या कलेज र उद्योग वाणिज्य संघ-चितवनको संयुक्त आयोजना तथा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको उद्यमशीलता विकासमा शैक्षिक संस्था र निजी क्षेत्रको भूमिका विषयक कार्यशालामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि मैयादेवी कन्या कलेजका संरक्ष प्रेमकुमार श्रेष्ठले हातमा सर्टिफिकेट भएर मात्र व्यक्ति रोजगारीका लागि उपयुक्त नहुने भन्दै आवश्यकता अनुसारको शिक्षा र अनुभवको खाँचो रहेको बताउनुभयो। उहाँले निजी क्षेत्र र शैक्षिक संस्थाहरु मिलेर उद्यमशीलता विकाशका कार्यक्रमहरु अगाडि बढाउनु पर्ने बताउनुभएको थियो।




यसै कार्यक्रममा बोल्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले निजी क्षेत्र र शैक्षिक संस्थाहरू बिचको ज्ञान साझेदार गरेर चितवन जिल्लाको आर्थिक, सामाजिक, क्षेत्रको विकासको साथ साथै कृषि, शिक्षा, स्वास्थ्य र पर्यटन क्षेत्रको विकासका लागि के गर्न सकिन्छ भन्ने तथ्याङ्क उपलब्ध गराउन यस्ता कार्यक्रमले सहयोग पुग्ने र उद्योग र शैक्षिक संस्थाहरु विच एक आपसमा आवश्यकता र समस्याहरुबारे समधान खोज्न यस कार्यक्रम महत्वपुर्ण रहेको बताउनुभएको थियो। उहाँले विद्यार्थीलाई स्थापित गराउन पढ्दै कमाउदै गर्नुपर्ने भएकाले कलेजहरूसँग सहकार्य गरेर रोजगार सृजना गर्न उद्योग वाणिज्य संघ-चितवन तयार रहेको बताउनुभएको थियो।

कार्यक्रममा बोल्दै मैया देवी कन्या कलेजका क्याम्पस प्रमुख भोजराज न्यौपानेले विश्वको सवै विकसित देशहरु उद्यम व्यवसायबाट नै भएको बताउँदै उहाँले कलेजका विद्यार्थीलाई उद्यम बनाउन निजी क्षेत्रको पनि सहयोगको आवश्यकता रहेकोले निजी क्षेत्रलाई सहयोग गर्न अपिल गर्नुभएको थियो। कार्यक्रलममा बोल्दै मैया देवी कन्या कलेजको प्रध्यापक संघका सभापति कृष्णप्रसाद न्यौपानेले अहिलेका युवाहरू भविष्यको खोजी गर्दै बढ्दो विदेश पलायनले भइरहेको अवस्थामा रोजगार गर्दै पढ्न पाए विद्यार्थीलाई सहज हुने बताउँदै उहाँले पाटटाई रोजगारी सृजना गर्न निजी क्षेत्रलाई आग्रह गर्नुभएको थियो। कार्यशालामा उद्यमशीतल। विकाससम्बन्धीका ४ वटा शीर्षकमा स्रोत व्यक्तिहरुले प्रस्तुतीकरण गर्नुभएको थियो। व्यवसाय विकासमा निजी क्षेत्र, सार्वजनीक क्षेत्र र शैक्षिक क्षेत्रको भूमिका विषयमा उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सीले प्रस्तुतीकरण दिनुभएको थियो। पर्यटन र उद्यमशीलताका विषयमा उद्योग वाणिज्य संघ-चितवनका पूर्व विशिष्ट सदस्य एवम् मैया देवी कन्या कलेजका अनुसन्धान तथा प्रकाशन प्रमुख डा. विश्वराज सुवेदी प्रस्तुतीकरण दिनुभएको थियो। उद्यमशिता र उत्प्रेरण सम्बन्धी विषयमा चितवन उद्योग संघका पूर्व अध्यक्ष राजु पौडेलले प्रस्तुतीकरण गर्नुभएको थियो। अनुसन्धान र उद्यमशीताका विषयमा सहिद स्मारक कलेजका अनुसन्धान तथा प्रकासन प्रमुख राजु रानाभाटले प्रस्तुतिकरण दिनुभएको थियो।

कार्यक्रममा मैयादेवी कन्या कलेजका प्रध्यापकज्यूहरू, विभिन्न कलेजका प्राध्यापक, कर्मचारी , विभिन्न कलेजका विद्यार्थीहरू गरी ५० जनाको सहभागिता रहेको थियो।

## उद्योग वाणिज्य संघ-चितवनका सदस्यले होटल वाराहीमा छुट पाउने

उद्योग वाणिज्य संघ-चितवनका सदस्य उद्योगी व्यवसायीलाई चितवनदेखि पोखरा सम्मका व्यावसायिक प्रतिष्ठानहरुले छुट दिने भएका छन्। उद्योग वाणिज्य संघ-चितवनका सदस्यलाई पोखरा लेकसाइड स्थित होटल वाराहीले छुट दिने भएको छ। २०८१ असार ३० गते उक्त छुट दिनेसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर भएको थियो। सम्झौता पत्रमा हस्ताक्षर गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले संस्थागत उत्तरदायित्वअर्न्तगत रहेर संघमा आवद्ध सदस्य व्यवसायीलाई उक्त छुट दिने व्यवस्था गरिएको बताउँदै उहाँले अन्य संघ संस्था तथा व्यावसायिक प्रतिष्ठानरूसँग पनि सदस्यहरुलाई छुट सेवा उपलब्ध गराउन पहल गरिरहेको बताउनुभएको थियो।

कार्यक्रममा होटल वाराहीका सेल्स म्यानेजर रशना शाक्यले उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यलाई सेवा सुविधा दिन पाउँदा खुसी लागेको बताउँदै आगामी दिनहरूमा पनि यस किसिमका छुट उपलब्ध गराउँदै लैजाने बताउनुभएको थियो।

सहुलियत सुविधा प्राप्त गर्नको लागि उद्योग वाणिज्य संघ-चितवनमा आवद्ध सदस्यहरूले संघबाट उपलब्ध गराएको सदस्यता परिचयपत्र देखाउनु पर्नेछ र संघको सदस्यता नवीकरण भएको हुनुपर्ने संघका कार्यकारी निर्देशक निलबहादुर के.सीले जानकारी गराउनुभएको थियो। उद्योग वाणिज्य संघ-चितवनका सदस्यहरूले होटल वाराही पोखरामा २५ प्रतिशत सम्म छुट सुविधा पाउने भएका छन्।

VISIT BHARATPUR 2024

पान नं. ६१८०८२१५३
दर्ता नं. ०३१७/०७८/०७९
फोन नं.: ०५६-५१३३३३, मो.९७४४२५७२४२
चेम्बर बहुउद्देश्यीय सहकारी संस्था लि.
CHAMBER MULTIPURPOSE COOPERATIVE SOCIETY LTD.
भरतपुर-१, चेम्बर भवन, चेम्बर मार्ग, नारायणगढ, चितवन
Email: chambermultipurpose 2078@gmail.com
Promoted by: Chamber of Commerce & Industry-Chitwan

हाम्रा सेवाहरु

| बचत सेवा | कर्जा सेवा | अन्य सेवाहरू |
|---|---|---|
| मासिक/अनिवार्य बचत | व्यावसायिक कर्जा | रकम संकलनमा घरदैलो सुविधा। |
| साधारण बचत | विविध कर्जा | रकम झिक्न राख्नको लागी सहज। |
| विषेश बचत (मुद्धती) | शैक्षिक कर्जा | आकर्षक ब्याजदर। |
| जेष्ठ नागरीक बचत | कृषी कर्जा | विश्वसनीय सहकारी संस्था। |
| वाल बचत | औद्योगिक कर्जा | उ.वा.संघ-चितवनमा दर्ता भए पश्चात मात्र सदस्यता लिन पाइने। |

- रु.५०,०००।-(५०० कीत्ता) को शेयर खरिद गर्न सकिने।
- धितो तथा व्यक्तिगत जमानतमा कर्जा उपलब्ध गराउने व्यवस्था भएको
- कोसेली घरको माध्यमबाट सदस्यलाई अर्गानिक खाद्यवस्तु उपलब्ध गराइरहेको।
- रकम राख्दा झिक्दा SMS जाने व्यवस्था गरिएको।

# उद्योग वाणिज्य संघ-चितवनमा सदस्यता लिएपछि पाउने छुट सुविधाहरु

## कर सेवा :

सदस्यहरुलाई कर भुक्तानीका लागि सहजिकरण गर्न आन्तररिक राजश्व कार्यालय भित्र निशुल्क सेवा दिने उद्देश्यले कर सहायता कक्ष स्थापना गरिएको छ।

## स्वास्थ्य सेवा :

### १. एन. पि. आई. नारायणी सामुदायिक हस्पिटल

- आधिकारीक परिचय पत्र भएका उद्योग वाणिज्य संघ-चितवनका सदस्यहरुलाई हस्पिटलमा उपलब्ध ओ.पि.डी टिकट, ओषधी, सीटी स्क्यान र Impalnt बाहेक अन्य सम्पुर्ण सेवामा १५ प्रतिशत छुट पाईने छ।

**पुनश्च :** उद्योग वाणिज्य संघ-चितवन बाट छुट कार्ड उपलब्ध गराईने छ।

### २.चितवन मेडिकल कलेज (CMC)

- सडक दुर्घटना, कस्मेटिक सर्जरी, Dental Treatment, Medico Legal Case, ओ.पि.डी र इमर्जेन्सी टिकट बाहेक स्वास्थ्य उपचार सेवामा २५ प्रतिशत र फार्मेसीमा ७ प्रतिशत रमक छुट पाईने छ।

चितवन मेडिकल कलेजले छुट कार्ड उपलब्ध गराउने छ।

### ३. कलेज अफ मेडिकल साइन्स (COMS) टिचिङ्ग हस्पिटल

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | ओ.पि.डी | २५ प्रतिशत |
| २. | आई.पि.डी | १५ प्रतिशत |
| ३. | फार्मेसी | ०५ प्रतिशत |
| ४. | रेडियोलोजी | १० प्रतिशत |

### ४. चितवन मुटु हस्पिटल प्रा.लि.

फार्मेसी बाहेकका सवे सेवामा २० प्रतिशत छुट सुविधा पाउने।

### ५. निको चिल्डेन हस्पिटल

फार्मेसी बाहेकका सवे सेवामा १५ प्रतिशत छुट सुविधा पाउने।

## हस्पिटालीटी सेवा :

### १. चितवन मिड टाउन रिसोर्ट प्रा. लि. (CMT), भरतपुर १०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |
| ३. | हल भाडा | १० प्रतिशत |

### २. ग्यालेक्सी गार्डेन रिसोर्ट प्रा. लि. , भरतपुर-४, यज्ञपुरी

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |

### ३. भरतपुर गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-०९, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |

### ४. अशोका रिसोर्ट प्रा. लि., भरतपुर-२९, दासढुङ्गा, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |

### ५. रोज गार्डेन रिसोर्ट प्रा. लि., भरतपुर-९, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |

### ६. सिराईचुली होटल, भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० प्रतिशत |
| २. | कोठा सुविधा | १५ प्रतिशत |

### ७. होटल रोयल सेन्चुरी प्रा. लि, भरतपुर-१०, चितवन

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | ३५ प्रतिशत |

### ८. गन्तव्य रिसोर्ट, पोखरा-१९, लेकसाईड कास्की

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १५ प्रतिशत |
| २. | कोठा सुविधा | २५ प्रतिशत |

### ९. होटल इनटुरिष्ट, इटहरी, सुनसरी

- सदस्य छुट सुविधा

| क्र.सं. | विवरण | छुट प्रतिशत |
|---|---|---|
| १. | फुड एण्ड व्यभरेज | १० प्रतिशत |
| २. | कोठा सुविधा | २० प्रतिशत |

### १०. होटल बाराही , लेकसाईड पोखरा

**संघका सदस्यहरुले २५ प्रतिशत छुट पाउन**

**केबुलकार सेवा** : **१. मनकामना दर्शन प्रा. लि.**

संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने


**२. मौलाकाली केवलकार लि.**

संघको सदस्यलाई २० प्रतिशत छुट पाउने

**प्यारागलाइडिङ्ग सेवा** : **१. ओपन स्काइ प्यारागलाइडिङ्ग प्रा. लि., लेक साइड, पोखरा**

संघको सदस्यलाई १५ प्रतिशत छुट पाउने

**पुनश्च :** उद्योग वाणिज्य संघ-चितवन बाट उपलब्ध गराईएको परिचय पत्र बाट छुट सुविधा लिन सकिने छ।


Chamber Guest House
Under the Management of Chamber of commerce & Industry-Chitwan
उद्योग वाणिज्य संघ-चितवन
Contact :
Bharatpur metropolitan city-1,
Narayangarh, Chitwan
info@ccichitwan.org.np,
www.ccichitwan.org.np
056 – 596108
– 596208
– 596308
उद्योग वाणिज्य संघ-चितवन
नारायणगढ-२०१६
FACILITIES
Located at the bank of Holy Narayani River
View of Narayani River from all rooms
Party Venue
Free internet Access
Training seminar and Conference Hall accomodating 500 people
"A Home After Your Home"

## पाठक वर्गमा अनुरोध :

यस संघबाट प्रकाशन हुदै आइरहेको अर्धवार्षिक बुलेटिनलाई अझै स्तरीय र प्रभावकारी बनाउन पाठकहरुको कुनै किसिमको प्रतिक्रिया, सुझाव, सल्लाह व्यावसायिक लेख रचना भए यस संघको सचिवालयमा लेखी पठाउनु हुन अनुरोध गर्दछौं ।

-सम्पादक

## प्रापक

..........................................................

..........................................................

..........................................................

..........................................................

..........................................................

(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

# उद्योग वाणिज्य संघ-चितवनको

# सदस्यता नविकरण गर्ने सम्बन्धि अत्यन्त जरुरी सूचना ।

उद्योग वाणिज्य संघ-चितवनको विधान दफा ११ (ख) बमोजिम आ.व. २०८१/२०८२ को सदस्यता नवकिरण प्रत्येक बर्षको असोज मसान्त भित्रमा गर्नुपर्ने व्यवस्था भए बमोजिम हाल सम्म पनि आफ्नो सदस्यता नवकिरण नगर्नु भएका सदस्यहरुले यहि असोज मसान्त भित्रमा नविकरण गर्नुहुन सूचित गरिन्छ । साथै आ.व. ०८०।०८१ को सदस्यता नविकरण नगर्नुभएका सदस्यले समेत नियमानुसारको शुल्क तिरी नविकरण गर्न सकिने समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**विस्तृत जानकारीको लागि:**

**उद्योग वाणिज्य संघ–चितवनको सचिवालय**
**भमनपा १, नारायणी मार्ग**
**फोन ०५६ ५९६१०८,५९६२०८, ५९६३०८**
*Email: ccicchitwan@gmail.com*